भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २५८ ★ ने. सं. ११४६ ञला गा, त्रयोदशी ★ बिहीबार ★ २२ असोज, २०८३ ★ October 8, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



राम्रो सिकाइ अवस्थाको माग गर्दै देशव्यापी सरकारविरोधी विरोध प्रदर्शनको क्रममा दक्षिणपश्चिमी फ्रान्सको बायोन्ने सहरमा भएको एक विरोध प्रदर्शनमा सहभागी विद्यार्थी र शिक्षकहरू अक्टोबर ६, २०२६ को दिन । फ्रान्सेली सरकारको सामाजिक क्षेत्रको बजेट कटौतीविरुद्ध सुरु भएको विरोध देशव्यापी सरकारविरोधी आन्दोलनका रूपमा फैलँदै गएको छ र राष्ट्रपति इम्मानुयल म्याक्रौँलाई अप्ठ्यारोमा पारिसकेको छ ।

*तस्बिर : गाइजका इरोज/एएफपी*

## दैलेखको बिन्द्रासैनीमा कार्यकर्ता प्रशिक्षण

दैलेख, २१ असोज । नेपाल मजदुर किसान पार्टी दैलेख जिल्ला समितिको आयोजनामा बुधबार दोस्रो दिन बिन्द्रासैनीमा देशको समसामयिक राजनीति विषयक कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले भन्नुभयो, “राजनीति सबै नीतिको मुख्य नीति भएकोले देश र जनताको नि:स्वार्थ सेवा हुने राजनीतिमा शिक्षक, कर्मचारी, प्राध्यापक, विद्यार्थी सबै लाग्नु जरूरी हुन्छ ।”

नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरू पार्टीको विधान र अनुशासनलाई पालना गर्ने अडानमा दृढ भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेमकिपा कर्णालीका संयोजक सरोजराज गोसाईले आँधीहुरीबिच सतिसाल उभिएझैँ प्रतिक्रियावादी शासकहरूको चर्को दमनको प्रतिरोध गर्दै नेमकिपाले सङ्घर्ष गरिरहेको छ भन्नुभयो ।

नेमकिपाको गौरवशाली इतिहास कायम राख्न नयाँ पुस्ता तयार पार्नुपर्नेमा जोड दिँदै संयोजक गोसाईंले छिपछिपे ज्ञानबाट सही बाटो पहिल्याउन सक्दैन भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले नवउदारवादी नीतिले व्यक्तिलाई निर्दयी, लोभी र स्वार्थी बनाउने चर्चा गर्दै समाजवादमा मानिसलाई मानिसको सहयोगी बन्न प्रेरित गर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखतबहादुर थापाले नेपाललाई आफ्नो बजार मात्र बनाउन खोजेको र नेपालको सीमा अतिक्रमण गरिरहेकोले भारतीय

*बाँकी पृष्ठ ८ मा*

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १३९

**प्रहरी नायव महानिरीक्षक ओमबहादुर राना**

प्र.ना.म.नि. ओमबहादुर राना भदौ २३ गतेसम्म काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीको निमित्त कार्यालय प्रमुखको जिम्मेवारीमा थिए । भदौ २३ गते संसद् भवन परिसर नजिक भिडले ढुङ्गामुढा, लाठी, साबेल, घनजस्ता सामग्री प्रयोग गर्दै संसद् भवनतर्फका सुरक्षाकर्मीमाथि लगातार प्रहार गर्न थाले । यसैबिच काठमाडौँ प्रशासनले जारी गरेको कर्फ्युलाई त्रुटीरहित ढङ्गले पालना गर्न आफूले आदेश दिएको प्र.ना.म.नि. ओमबहादुर रानाको भनाइ रहेको छ । उनको भनाइलाई पुष्टि गर्दै “आवश्यकताअनुसार अवस्था नियन्त्रणमा लिन फायर खोल्नू” भनी उपत्यका प्रहरी कार्यालय रानीपोखरीका निमित्त कार्यालय प्रमुखले भनेको काठमाडौँका प्र.जि.अ.ले आफ्नो बयानमा उल्लेख गरेका छन् ।

भदौ २३ गते प्र.ना.म.नि. रानाले कर्फ्यु लागिसकेपछि आवश्यकताअनुसार बल प्रयोग गर्न निर्देशन दिइएको देखिन्छ । अन्तिम बल (धातुको गोली) प्रयोग कति बजेको समयमा सुरु भई कति जना प्रदर्शनकारीहरू हताहत र घाइते भए भनेर लेखाजोखा नगरेको र चार घण्टासम्म प्रहरी र प्रदर्शनकारीबिच मुठभेड भइरहँदा तनाव कम गरी स्थितिलाई नियन्त्रणमा लिन कुनै प्रयास गरेको देखिँदैन ।

तत्कालीन जिल्ला प्रहरी परिसर, काठमाडौँ प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक हाल प्रहरी नायब महानिरीक्षक विश्व अधिकारी भदौ २२ गते गृहमन्त्रालयमा केन्द्रीय सुरक्षा समितिको बैठकमा काठमाडौँका प्र.जि.अ., उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्र.ना.म.नि. र प्र.ब.उ. अधिकारी सहभागी थिए । त्यहाँ प्रदर्शनकारी ३००० देखि ५००० सम्म हुने आकलन भएको र प्रदर्शनमा धेरैजसो युवा पुस्ता सामेल हुने भएकोले तत्कालीन प्र.ब.उ. हाल प्र.ना.म.नि.बाट Heavy deployment नगर्ने र सुरक्षाकर्मी धेरै नदेखाउने तर तोडफोड र ध्वंसात्मक गितिविधि भएमा कानुनबमोजिम सिलसिलेवार बल प्रयोग गर्ने भन्ने निर्देशन थियो । भदौ २३ गते सङ्घीय संसद् भवन परिसर अगाडिको स्थिति निकै तनावपूर्ण रहेकोले सुरक्षा योजना कार्यान्वयन गरिएको भन्ने उनको भनाइ रहेको छ । यस्तो अवस्थामा सबै सुरक्षा निकायले आफ्नो तालुक निकायसँगको समन्वय र गृहमन्त्रालयको सहमतिमा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कर्फ्यु आदेश जारी गरिएको थियो । अति विषम परिस्थितिमा अन्तिम विकल्पको रूपमा मात्र गोली प्रहार गरिएको थियो भन्ने उनको भनाइ रहेको छ । एभरेस्ट होटलअगाडि रहेको प्रहरी ब्यारीकेडको सङ्ख्या कम हुनु त्यहाँ डिउटीमा खटिएका प्रहरीको सङ्ख्या पनि प्रदर्शनकारीहरूको अनुपातमा थोरै सङ्ख्यामा परिचालन गरी सुरक्षा व्यवस्थामा कमजोरी हुन गई ठुलो सङ्ख्यामा मानवीय क्षतिप्रति उनी उत्तरदायी हुनुपर्छ ।

एभरेस्ट होटल अगाडिको प्रहरी ब्यारीकेडमा पछाडि बसी होहल्ला गर्दै ब्यारीकेड तोड्न उक्साउने व्यक्तिहरू, मोटरसाइकलमा सवार TOB र अन्य समूहहरूलाई समयमा नै नियन्त्रणमा लिन नसक्नु निजको ठुलो कमजोरी देखिन्छ । सङ्घीय संसद् भवन वरपर बानेश्वर क्षेत्रमा रहेका अग्ला भवनहरूको बिहानैबाट Security clearance गर्नुपर्नेमा नगरेको भनी सङ्घीय संसद् भवन सुरक्षाजस्तो अति संवेदनशील विषयमा काठमाडौँ जिल्ला परिसरका कार्यालय प्रमुखजस्तो जिम्मेवारी सम्हालेको प्रहरी अधिकृत गैरव्यावसायिक रहेको देखिन्छ ।

*बाँकी पृष्ठ ८ मा*

## रेबिज निवारणसम्बन्धी राष्ट्रिय कार्ययोजना स्वीकृत

काठमाडौँ, २१ असोज । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले रेबिज रोग निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८३/८४-२०८७/८८) स्वीकृत गरेको छ । रणनीतिले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने मानव रेबिज मृत्यु शून्यमा झार्ने लक्ष्य लिएको छ ।

नेपालमा रेबिज प्राणघातक जुनोटिक रोगका रूपमा रहेको र समयमै खोप लगाएमा रेबिजबाट हुने मृत्यु पूर्ण रूपमा रोक्न सकिने रणनीति दस्तावेजमा उल्लेख छ । आर्थिक वर्ष २०८१/८२ मा कुकुर तथा रेबिज गराउन सक्ने अन्य जनावरको टोकाइका २ लाख २३ हजार ५१० घटना रिपोर्ट भएकोमा ९६ प्रतिशत

*बाँकी पृष्ठ ८ मा*

## दसैँको समय रचनात्मक कार्यमा केन्द्रित हुनुपर्छ

काठमाडौँ, २१ असोज । दसैँ नजिकिएसँगै जनजीवनमा चहलपहल बढ्नु स्वाभाविक हो । घर, कार्यालय, कारखाना सफा गरी सिङ्गार्ने, मर्मत सम्भार गर्ने, राम्रो लुगा लगाउने, गहना किन्ने र लाउने काममा पनि मानिसहरू क्रियाशील हुन थालेका छन् । मानिसहरू व्यस्त र क्रियाशील भइरहेकै समयमा महँगी मात्र होइन चोरीचकारी पनि बढेको छ । सजाउने नाउँमा गहना लाएर भिडमा जाँदा गहना चोर्ने धेरै सम्भावना हुन्छ । यतातर्फ हरेक नागरिक सचेत हुनुपर्छ ।

चाडमा तुलनात्मक रूपमा किनमेल बढेको हुन्छ । पसलेहरूले बिकाउने नाममा कुहेको, म्याद नाघेको या गुणस्तरहीन खाद्यान्न तथा अन्य वस्तुहरू बिक्री गर्ने सम्भावना हुन्छ । यसतर्फ उपभोक्ताहरू पनि सचेत हुनुपर्छ । चाडपर्वमा मनोरञ्जन गर्नुपर्छ; प्रतिस्पर्धा गर्नुपर्छ; अरुको अगाडि इज्जत राख्नुपर्छ भनेर अनावश्यक खर्च गर्नु बुद्धिमानी होइन । चाडपर्व मनाउँदा आम्दानीअनुसारको योजना बनाएर खर्च गर्नुपर्छ । घाँटी हेरी हाड निल्नुपर्छ । देखासिकी र प्रतिस्पर्धाको लागि ऋण लिएर अनावश्यक खर्च गर्नु पनि उचित होइन । आफूलाई आवश्यकताअनुसार मात्र सरसामान खरिद गर्ने बानी बसाल्नुपर्छ ।

*बाँकी पृष्ठ ८ मा*

### व्यङ्ग्यचित्रको कुनो




भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर
आयव्यय विवरणसम्बन्धी सूचना
भक्तपुर नगरपालिका कार्यालयको २०८३ भदौ महिनासम्मको आयतर्फ रू. २२,८८,९९,०५१।३३ र व्ययतर्फ रू. १५,४७,८२,५५८।७६ रहेको छ ।



भक्तपुर नगरपालिका वडा नं. ९ स्थित ब्रह्मायणी च:छेँसँगैको पाटीमा छाना छाउने कार्यमा व्यस्त गुठियारहरू ।

*तस्बिर : मजदुर दैनिक*

# सुदूरपश्चिमका ८६ प्रतिशतभन्दा बढी बालबालिका वञ्चितीकरणमा

सुदूरपश्चिम, २१ असोज । सुदूरपश्चिम प्रदेशका ८६ प्रतिशतभन्दा बालबालिका कम्तीमा एउटा आधारभूत सेवाको पहुँचबाट वञ्चित रहेको पाइएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधबार धनगढीमा सार्वजनिक गरेको 'नेपालमा बालबालिकाको बहुआयामिक वञ्चितीकरणसम्बन्धी विश्लेषणात्मक प्रतिवेदन-२०२६' मा प्रदेशका बालबालिकाको ठुलो हिस्सा अर्थात् ८६.६ प्रतिशत कुनै न कुनै एउटा क्षेत्रमा वञ्चित रहेको देखाएको हो ।

प्रतिवेदनअनुसार सुदूरपश्चिममा ५६.४ प्रतिशत बालबालिका दुई वा दुईभन्दा बढी आयाममा वञ्चित छन् । राष्ट्रियस्तरमा यस्तो वञ्चितीकरणमा रहेका बालबालिकाको अनुपात ५१.६ प्रतिशत छ । यस्तै तीन वा सोभन्दा बढी आयाममा वञ्चित बालबालिकाको २१.४ प्रतिशत रहेका छन् ।

प्रदेशमा बहुआयामिक वञ्चितीकरणको सूचकाङ्क ०.०९५ रहेको छ । वञ्चित बालबालिकाले औसतमा ४६.८ प्रतिशत आयाममा वञ्चितीकरण भोगिरहेको प्रतिवेदनले देखाएको छ । चार वा सोभन्दा बढी आयाममा वञ्चित बालबालिकाको अनुपात भने ४.९ प्रतिशत रहेको छ, जुन राष्ट्रिय अनुपात ५.१ प्रतिशतभन्दा केही कम हो ।

तथ्याङ्क प्रस्तुत गर्दै केन्द्रीय कार्यालय काठमाडौंका निर्देशक सन्ध्या दाहाल केसीले सुदूरपश्चिमका बालबालिकामा सबैभन्दा ठुलो समस्या सुरक्षित तथा पर्याप्त आवास र सूचना तथा सञ्चारका साधनको पहुँचमा देखिएको उल्लेख गर्नुभयो । उहाँले यहाँका ६८.७ प्रतिशत बालबालिका सुरक्षित र पर्याप्त आवासीय सुविधाबाट तथा ५२ प्रतिशत बालबालिका सूचना तथा सञ्चारका साधनको पहुँचबाट वञ्चित रहेको तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

यसैगरी पोषणमा ४२.३ प्रतिशत, सरसफाइमा २३.२ प्रतिशत, शिक्षामा ९.७ प्रतिशत, स्वास्थ्यमा ८.६ प्रतिशत र पर्याप्त तथा सुरक्षित खानेपानीको पहुँचमा ३.२ प्रतिशत बालबालिका वञ्चित रहेको तथ्याङ्कले देखाएको छ ।

प्रतिवेदनमा नेपालभर आवास र सूचनाको पहुँच दुवैमा एकैसाथ वञ्चित बालबालिकाको अनुपात २०२४-२५ मा ३५.२ प्रतिशत पुगेको छ, जुन २०१४ को ३४ प्रतिशतभन्दा बढी भएको उल्लेख छ । प्रतिवेदनले डिजिटल प्रविधिको प्रयोग बढ्दै गए पनि सबै बालबालिकाको समान पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याएको छ ।

सुदूरपश्चिममा पनि सूचना तथा सञ्चारको पहुँचबाट आधाभन्दा बढी बालबालिका वञ्चित देखिनुले डिजिटल पहुँचको असमानतालाई प्रदेशको बाल विकाससँग जोडेर हेर्नुपर्ने अवस्था देखिएको छ । आवासको समस्या पनि अझ गम्भीर देखिएको छ ।

**पोषणमा अझै ठूलो खाडल**

प्रदेशका बालबालिकाको बहुआयामिक वञ्चितीकरणमा पोषण अर्को महत्त्वपूर्ण चुनौतीका रूपमा देखिएको छ । सुदूरपश्चिममा पोषणसम्बन्धी वञ्चितीकरण ४२.३ प्रतिशत रहेको छ । राष्ट्रिय प्रतिवेदनले पनि बालबालिकाको पोषण अवस्थालाई अझै प्रमुख चुनौतीका रूपमा औँल्याएको छ । विशेषगरी ०-२३ महिनाका बालबालिकामध्ये पर्याप्त र विविध प्रकारको आहार नपाउनेको राष्ट्रिय अनुपात ६०.७ प्रतिशत रहेको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले युनिसेफ नेपालसँगको सहकार्यमा पहिलोपटक यसप्रकारको विश्लेषणात्मक प्रतिवेदन तयार गरिएको जनाइएको छ । प्रतिवेदनमा पहिलो चरणमा नेपाल बहुसूचक सर्वेक्षणका सूक्ष्म तथ्याङ्क, बालबालिकाको जीवनचक्र र उमेरअनुसार (०-२३ महिना, २४-५९ महिना, ५-९ वर्ष र १०-१७ वर्ष) तथा समग्र ०-१७ वर्षका बालबालिकाका लागि सामाजिक तथा आधारभूत आवश्यकतासँग सम्बन्धित सात वटा आयाम र २० वटा सूचकलगायत विभिन्न ६ वटा चरणमा विश्लेषण गरिएको जनाइएको छ ।

प्रतिवेदनले अब तथ्यमा आधारित नीति निर्माण र स्रोत विनियोजनका लागि प्रदेश तथा स्थानीय तहसम्म बालबालिकाको अवस्थासम्बन्धी खण्डीकृत तथ्याङ्क नियमित रूपमा उत्पादन र प्रयोग गर्नुपर्ने सुझाव दिएको छ । यस्तै, प्रतिवेदनले अति विपन्न, ग्रामीण तथा पछाडि परेका समूहका बालबालिकालाई लक्षित गरी स्रोत र कार्यक्रम केन्द्रित गर्न सुझाव दिएको छ ।

प्रदेशको आवश्यकता र वञ्चितीकरणको अवस्थाअनुसार बहुक्षेत्रीय कार्यक्रम सञ्चालन, प्रारम्भिक बालपोषण तथा मातृ शिक्षामा लगानी र बाल-संवेदनशील सामाजिक सुरक्षा विस्तार गर्नुपर्ने, स्वास्थ्य, शिक्षा, पोषण, खानेपानी-सरसफाइ र बाल संरक्षणलाई एकीकृत रूपमा सञ्चालन गरी नियमित अनुगमन गर्न तथा बाल वञ्चितीकरणको स्थानीय तहसम्मको अवस्था पहिचान गरी त्यसैका आधारमा वित्तीय हस्तान्तरण र स्रोत विनियोजन गर्नुपर्ने पनि प्रतिवेदनको निष्कर्ष र सुझाव छ ।

# सुदूरपश्चिम सरकारविरूद्धको रिटमा सर्वोच्चद्वारा लिखित जवाफ माग

सुदूरपश्चिम, २१ असोज । सर्वोच्च अदालतले सुदूरपश्चिम प्रदेश सरकारविरूद्ध दायर बजेटसम्बन्धी उत्प्रेषण रिट निवेदनमा लिखित जवाफ पेस गर्न आदेश दिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीश महेशशर्मा पौडेलको एकल इजलासले अधिवक्ता मनिराम उपाध्यायले दायर गरेको उत्प्रेषणसम्बन्धी रिट निवेदनमा प्रारम्भिक सुनुवाइ गर्दै विपक्षी मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेशमार्फत लिखित जवाफ पेस गर्न आदेश दिएको हो ।

आदेशमा रिट निवेदनको मागबमोजिम आदेश जारी हुनुपर्ने वा नपर्ने सम्बन्धमा आधार र कारणसहित बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्न भनिएको छ । निवेदकले माग गरेको अन्तरिम आदेशका सम्बन्धमा भने दुवै पक्ष राखी छलफल गर्न उपयुक्त देखिएको भन्दै यही असोज २३ गते दुवै पक्षलाई छलफलमा बोलाएको छ ।

"निवेदकले माग गरेको अन्तरिम आदेशका सम्बन्धमा भने दुवै पक्ष राखी छलफल गर्न उपयुक्त देखिएकाले पेसी सूचीमा प्राथमिकतामा पर्नेगरी पेसी तोकी विपक्षीलाई आजै विद्युतीय माध्यमबाट तत्काल म्याद तामेल गरी नियमानुसार पेस गर्नु", आदेशमा भनिएको छ ।

अधिवक्ता उपाध्यायले तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सरकारले चालु आर्थिक वर्ष २०८३/८४ का लागि ल्याएको बजेटसम्बन्धमा रिट दायर गर्नुभएको थियो ।

यसैबिच, सुदूरपश्चिम प्रदेशका मुख्य न्यायाधिवक्ता ठेकेन्द्रराज जोशीले सर्वोच्च अदालतको बुधबारको आदेशले वर्तमान सरकारलाई बजेट पेस गर्न कुनै समस्या नहुने बताउनुभएको छ । उहाँले भन्नुभयो, "अन्तरिम आदेशका कारण बजेट ल्याउन पाइँदैन कि भन्ने कोणबाट बहस भइरहेको सुने, तर आदेशका कारण कुनै समस्या हुँदैन । यही असोज २३ गते छलफल, लिखित जवाफ पेस गर्ने र चालु आर्थिक वर्षको बजेट ल्याउने कामसँगसँगै अगाडि बढ्छ ।"

सुदूरपश्चिममा हाल बजेट शून्यताको अवस्था रहे पनि सरकारले आजै बजेट ल्याउने तयारी गरिरहेको छ ।

# अस्थायी आवास बनाउन चाहने सङ्घसंस्थाबाट प्रस्ताव आह्वान

काठमाडौँ, २१ असोज । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भोटेकोशी बाढीबाट प्रभावित घरपरिवारका लागि अस्थायी आवास निर्माण गर्न चाहने साझेदार संस्थाबाट प्रस्ताव आह्वान गरेको छ ।

बुधबार एक सूचना प्रकाशित गर्दै प्राधिकरणले रसुवा, नुवाकोट र धादिङ जिल्लाका बाढी प्रभावित स्थानीय तहका प्रभावित घरपरिवारका लागि सहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत मापदण्डबमोजिम निर्माण गर्न इच्छुक साझेदार सङ्घसंस्थालाई यस्तो आह्वान गरिएको हो ।

सङ्घसंस्थाले प्रस्तावमा आफूले निर्माण गर्न चाहेको अस्थायी आवासको सङ्ख्या, स्थान र स्थानीय तहको नाम स्पष्ट खुलाउनुपर्नेछ । त्यसैगरी, अस्थायी आवास निर्माण सुरु गर्ने अनुमानित समय र सम्पन्न गर्ने समयसीमासहितको कार्ययोजना पनि समावेश गर्नुपर्नेछ । यसअघि बाढी प्रभावित क्षेत्रमा अस्थायी आवास निर्माण गर्न सम्झौता भएको भए सोको विवरण समेत उल्लेख गर्न पनि सूचनामा भनिएको छ ।

प्राधिकरणको प्रवक्ता शान्ति महतले इच्छुक साझेदार सङ्घसंस्थाले सहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय तहसँग समन्वय गरी निर्माण कार्य गर्नुपर्ने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अस्थायी आवास बनाउन इच्छुक सङ्घसंस्थाले त्यससम्बन्धी सम्पूर्ण विवरण खुलाई सात दिनभित्र प्राधिकरणमा प्रस्ताव पेस गर्नुपर्नेछ ।" ***रासस***

# हुम्लामा हिमपातले जनजीवन प्रभावित

हुम्ला, २१ असोज । जिल्लामा गए रातिदेखि अचानक वर्षा र हिमपात सुरु भएपछि जनजीवन प्रभावित भएको छ । जिल्लाको माथिल्लो क्षेत्रमा हिमपात तथा तल्लो क्षेत्रमा लगातार वर्षा भइरहेको छ ।

नाम्खा, सिमकोटलगायत उच्च हिमाली तथा अग्ला क्षेत्रमा हिमपात भइरहेको छ भने अदानचुली, ताँजाकोटलगायत जिल्लाको तल्लो क्षेत्रमा रातिदेखि नै हल्का वर्षा भइरहेको छ । वर्षासँगै चिसो बढेपछि स्थानीयको दैनिक जनजीवन प्रभावित भएको छ ।

लगातारको वर्षाका कारण ग्रामीण क्षेत्रमा रहेका कच्ची सडक तथा गोरेटो बाटोमा हिलो र पानी जम्दा आवतजावतमा समस्या भएको छ । कतिपय स्थानमा सडक अवरुद्ध हुन थालेपछि यातायातसमेत प्रभावित भएको सर्केगाड-१ जैरको खच्चाबाट दीपक कार्कीले बताउनुभयो । उहाँका अनुसार खच्चामा सुक्खा पहिरो आइरहने भएकाले समस्या भइरहेका बेला यस किसिमको निरन्तरताको वर्षाले त सडक पूरै अवरुद्ध भएको बताउनुभयो ।

वर्षाले पाक्न लागेको तथा खेतबारीमा रहेको अन्नबाली, तरकारीलगायतका बालीमा पनि क्षति पुग्ने जोखिम बढेको छ । केही स्थानमा बाढीपहिरो तथा खोलानालामा पानीको बहाव बढ्न थालेपछि स्थानीय त्रसित भएका छन् ।



वर्षा र हिमपातका कारण पशुचौपायालाई समेत समस्या भएको छ । चिसो बढेपछि खुला तथा गोठमा राखिएका पशुचौपायालाई आहार तथा संरक्षणमा समस्या भएको जनाइएको छ ।

अचानक मौसममा आएको परिवर्तनसँगै जिल्लाका उच्च हिमाली क्षेत्रमा थप हिमपात र तल्लो क्षेत्रमा वर्षा जारी रहेकाले सम्भावित क्षतिप्रति सतर्क रहन स्थानीयलाई आग्रह गरिएको छ । जिल्लाका विभिन्न स्थानमा हिमपात तथा वर्षा भइरहेकाले सुरक्षित रहन जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले बताउनुभयो । वर्षाका कारण भएको क्षतिको विस्तृत विवरण भने सङ्कलन भइरहेको र अहिले पनि निरन्तर वर्षा भइरहेको उहाँले बताउनुभयो । ***रासस***

# दीर्घकालीन महत्त्वका निर्णय नगर्न गण्डकीका मुख्यमन्त्रीका नाममा अन्तरिम आदेश

काठमाडौँ, २१ असोज । सर्वोच्च अदालतले गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई दीर्घकालीन महत्त्वका निर्णय नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने व्यवस्था कार्यान्वयन नगरेको भन्दै दायर भएको रिटमा सुनुवाइ गर्दै बुधबार न्यायाधीश श्रीकान्त पौडेलको इजलासले अन्तरिम आदेश जारी गरेको हो ।

"३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने भन्ने व्यवस्थाको कार्यान्वयन नगरिएको भन्ने निवेदन दाबी देखिँदा सुविधा सन्तुलनको दृष्टिबाट प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म दीर्घकालीन महत्त्वका विषयमा कुनै निर्णय कामकारबाही नगर्नू नगराउनू भनी मुख्यमन्त्रीको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ", आदेशमा भनिएको छ ।

गण्डकी प्रदेश सरकारबाट नेकपा एमाले बाहिरिएको थियो । उक्त दलका नेताले भदौ १० गते प्रदेश प्रमुखसमक्ष निवेदन पेस गर्नुभएको थियो ।

तर, त्यसयता मुख्यमन्त्री पाण्डेले विश्वासको मत लिनसभएको छैन ।

# सामुदायिक वनलाई पर्यटकीयस्थलको रूपमा उपयोग गर्दै बकैया

वाग्मती, २१ असोज । मकवानपुरको बकैया गाउँपालिकाले आफ्ना क्षेत्रका सामुदायिक वनलाई पर्यटकीयस्थलका रूपमा उपयोग कार्ययोजना अघि बढाएको छ ।

सामुदायिक वनभित्रका पर्यटकीय क्षेत्रको भौतिक पूर्वाधारको विकास गर्दै सामुदायिक वनसँगको साझेदारीमा पर्यटन क्षेत्र एवं वनभोजस्थलका रूपमा विकास गर्ने नीति अघि सारेको छ ।

पालिकाले त्यसका लागि सामुदायिक वनसँगको सहकार्यलाई अघि बढाउन लागेको हो । गाउँपालिकामा ६० वटा सामुदायिक तथा निजी र कबुलियती वन रहेको गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले जानकारी दिनुभयो ।

पर्यापर्यटनको विकासको योजनासहित समुदायसँगको सहकार्यमा पर्यटकीय उपयोग र अन्य आयआर्जनका कार्यक्रम साझेदारीमा बढाउने गाउँपालिकाको लक्ष्य रहेको उहाँले बताउनुभयो ।

पर्यटनकै विकासलाई लक्षितगरी धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्ने पालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरेको छ ।

पदमार्ग तथा साइक्लिङ मार्गको पहिचान गरी पूर्वाधार निर्माण गर्ने तथा खोला किनारामा रहेका पदमार्गलाई नदी करिडोरको पर्यटन विकास गर्ने गाउँपालिकाको योजना छ ।

बकैयाभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा जैविक पर्यटकीय क्षेत्र अम्बास गढी, लटलम्बेश्वर, गौतम बुद्ध पर्यटकीय पार्क, भीमसेन मन्दिर, धनेश्वर पार्क, भुवनेश्वरी, रुद्रस्थली, नाग झरनालगायतका पर्यटकीय क्षेत्रको प्रवर्द्धन गरी प्रचारप्रसार गर्न वृत्तचित्र एवं पुस्तिका प्रकाशन गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

धार्मिक पर्यटन प्रवर्द्धन गर्न पालिकास्तरीय ध्यान केन्द्र निर्माणमा सहजीकरण गर्ने, सार्वजनिक-निजी साझेदारीमा परम्परागत कृषिलाई प्रविधिको माध्यमबाट नमूना कृषि पर्यटन विकास कार्यक्रम सञ्चालनको लागि आवश्यक पहल गर्नेलगायतका विषयलाई पालिकाले प्राथमिकतामा राखेको छ ।

तामाङ, घले, सिकारी सुनुवार, दनुवार तथा माझीलगायतका आदिवासी जनजाति र खसआर्य समुदायमा आधारित घरबास कार्यक्रम सञ्चालनका लागि आवश्यक पहलसमेत गरिने उपाध्यक्ष खत्रीले बताउनुभयो । **रासस**

# लेतेदेखि कोरलासम्म रोकिए पाँच सय बढी कन्टेनर

मुस्ताङ २१ असोज । मुस्ताङको लेतेदेखि कोरलानाकासम्म झन्डै पाँच सयको सङ्ख्यामा कन्टेनर सडकमा लामबद्ध रूपमा रोकिएको अवस्थामा रहेको पाइएको छ ।

यही असोज ८ देखि ११ गतेसम्मको वर्षापछिको बाढी, पहिरो र हिमपातले सडक अवरुद्ध भएपछि एक सातादेखि ती कन्टेनर जिल्लाका विभिन्न ठाउँमा रोकिएका हुन् । भारी वर्षाबाट अवरुद्ध म्याग्दीको पोखरेबगर, कुनौटे र बैसरीलगायतका स्थानमा सडक मर्मत भइरहेको छ ।

उक्त सडक सञ्चालनका लागि अझै एक साता लाग्ने त्यस सडक आयोजनाका प्राविधिकहरूले जनाएका छन् । उक्त सडक सञ्चालनमा नआउँदा ७० बढी कन्टेनर र सय बढी विद्युतीय सवारीसाधन जोमसोमस्थित बसपार्कमा राखिएको छ ।

बेनी-जोमसोम सडक अवरुद्ध रहेकै अवस्थामा कोरलानाकाबाट भने केही मालवस्तु बोकेका कन्टेनर जोमसोम ल्याइएको छ । कालीगण्डकी करिडोर सडक आयोजनाले जोमसोम–कोरला खण्डमा अवरुद्ध सडक मर्मत गरेपछि मुस्ताङ भन्सार बन्दरगाहमा रोकिएका ती केही मालवस्तुवाहक कन्टेनर जोमसोम ल्याइएको हो ।

यसअघि बाढी पहिरोबाट नाका क्षेत्रमा विद्युत् र इन्टरनेटको समस्या कारण चीनबाट ल्याइएका सामानको भन्सार जाँचपास हुन नसक्दा सयौंको सङ्ख्यामा ती कन्टेनर रोकिएका थिए ।

भारी वर्षापछिको बाढी, पहिरो र नदी कटानले म्याग्दी खण्डका दर्जनौं स्थानमा विद्युत् पोल क्षतिमा हुँदा एक सातादेखि मुस्ताङमा केन्द्रीय ३३ केभी विद्युत् प्रसारण लाइन र इन्टरनेट सेवा अवरुद्ध थियो । त्यसबाट उपल्लो मुस्ताङ भन्सार कार्यालयको नियमित सेवा प्रभावित हुँदै आएको थियो ।

कोरला नाकामै रोकिएका कन्टेनर चालक गोबिन्द गुरुङले कोरलानाकाबाट पैठारी गरिएका मालवस्तु बोकेका करिब ३०० कन्टेनर तथा २०० बढी विद्युतीय सवारी साधन भन्सार जाँचपासका लागि अहिले पनि रोकिएको बताउनुभयो ।

चीनबाट कोरलानाका हुँदै पैठारी गरी नेपाल भित्र्याइएको दसैंतिहार लक्षित मालवस्तु समयमै गन्तव्यमा पुर्‍याउन नसक्दा व्यापारीमात्र होइन उपभोक्ता समेत इच्छाइएको सामग्री खरिद गर्नबाट वञ्चित हुनुपरेको छ । त्यसबाट नेपाली बजारसमेत आर्थिक रूपमा चलायमान हुनसकेको छैन । **रासस**

# फैसला कार्यान्वयन अभियानअन्तर्गत रौतहटमा ३७ जना फरार प्रतिवादी पक्राउ

रौतहट, २१ असोज । रौतहट जिल्ला अदालतबाट विभिन्न मुद्दामा दोषी ठहर भई फरार भएका ३७ जना प्रतिवादीहरूलाई प्रहरीले पक्राउ गरेको छ । अदालतको फैसला कार्यान्वयन विशेष अभियानअन्तर्गत जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका कार्यालयहरूबाट खटिएको प्रहरी टोलीले फरार प्रतिवादीलाई नियन्त्रणमा लिएको हो ।

पक्राउ परेका प्रतिवादीहरूबाट सात वर्ष दुई महिना २७ दिन कैद सजाय र रु. दुई लाख बिहत्तर हजार ७७७ जरिवाना असुल हुन बाँकी रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्त गौतमका अनुसार पक्राउ परेकामाथि जालसाजी, कुटपिट तथा अङ्गभङ्ग, विद्युतीय कारोबार ऐन, नागरिकता कीर्ते, ज्यान मार्ने उद्योग, अभद्र व्यवहार, लेनदेन बिगो, बाल शोषण, जबर्जस्ती करणी तथा जबरजस्ती करणी उद्योग र चेक अनादरलगायतका मुद्दा रहेका छन् ।

प्रहरीको १० दिने विशेष अभियानअन्तर्गत पक्राउ परेका ३७ प्रतिवादीलाई कसुरअनुसार आवश्यक कारबाही, कैद तथा जरिवाना असुलीका लागि रौतहट जिल्ला अदालत, गौरमा बुझाइएको प्रवक्ता गौतमले जानकारी दिनुभयो । **रासस**



**भिजेको धान निकाल्दै किसान**

बुधबार बिहान परेको वर्षाले घोडाघोडी नगरपालिका-१० घुम्नीभाकलस्थित डुबानमा परेको खेतबाट भिजेको धान निकाल्दै किसान । खेतमा काटेर राखेको धान भिजेपछि किसानहरू चिन्तित भएका छन् । तस्बिर : इन्द्राकुमारी केसी/रासस

# मधेस विश्वविद्यालयद्वारा तीनवटा शैक्षिक कार्यक्रम विस्तार

जनकपुरधाम, २१ असोज । मधेस विश्वविद्यालयले थप तीनवटा शैक्षिक कार्यक्रम विस्तार गरेको छ । हाल स्नातकोत्तर तहको एमपिए, कानुन सङ्कायतर्फ बीएएलएलबी र जनप्रशासन सङ्कायतर्फ बिपीएम कक्षा सञ्चालन गर्दै आएको पर्साको वीरगन्जस्थित मधेस विश्वविद्यालये चालु शैक्षिकसत्रबाट स्नातकोत्तर तहको एमबिए तथा स्नातक तहको एलएलबी र बीबीएको पठनपाठन सुरु गरेको हो ।

मधेस विश्वविद्यालयका रजिस्ट्रार विजयकुमार यादवका अनुसार विश्वविद्यालयले चालु शैक्षिकसत्र २०८३ बाट थपिएको तीनवटै सङ्कायको पठनपाठन गरेको छ ।

रजिस्ट्रार यादवले भन्नुभयो, "एलएलबीको कक्षा सञ्चालन गरिसकेका छौँ र बीबीएको कक्षा पनि सञ्चालनको तयारी अन्तिम चरणमा छ । अहिले एमपीए दोस्रो ब्याचको भर्नासमेत खोलेका छौँ, छिट्टै भर्ना प्रक्रिया सकिए कक्षा सञ्चालन गर्छौं ।" विश्वविद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रममा विद्यार्थीको आकर्षण बढ्दै गएपछि थप शैक्षिक कार्यक्रम विस्तार गर्न हौसिएको उहाँको भनाइ छ ।

गत २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले पहिलो एक वर्षमै दुईवटा सङ्कायको पठनपाठन सुरु गरेको थियो । विश्वविद्यालयले वीरगन्जस्थित नेशनल ट्रेडिङको भवन लिजमा लिई कार्यालय सञ्चालन गर्दै आएको छ ।

अनुसन्धान र प्रशिक्षणको माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सकिने मान्यताअनुरूप मधेस विश्वविद्यालयलाई मधेस प्रदेशमै पहिलो मधेस अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्थापना गर्ने लक्ष्य रहेको विश्वविद्यालयका उपकुलपति प्राडा दीपकबहादुर शाक्यले बताउनुभयो ।

"हामीले सञ्चालन गरेको कक्षाहरूमा विद्यार्थीको आकर्षण देखेर उत्साहित भएका छौँ", उपकुलपति प्राडा शाक्यले भन्नुभयो, "त्यसैले निकट भविष्यमै मेडिकल, ल्याब टेक्निसियन, फिजियोथेरापीलगायतका चिकित्सा र स्वास्थ्यसम्बन्धी कक्षा पनि चलाउने लक्ष्य राखेका छौँ ।" तत्कालका लागि वीरगन्जको नारायणी अस्पताल र पोखरियास्थित पोखरिया अस्पताललाई आधार बनाएर एमबीबिएस कक्षा सञ्चालन गर्ने योजना बनाएर प्राविधिक टोलीबाट सम्भाव्यता अध्ययन गरिने तयारी भएको उहाँको भनाइ छ ।

मधेस विश्वविद्यालयको उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउने दृष्टिले एमफिल पिएचडीसँगै फार्मेसी र विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक शैक्षिक कार्यक्रम पनि सञ्चालन गर्ने लक्ष्य रहेको उपकुलपति प्राडा शाक्यले बताउनुभयो ।

मधेस प्रदेशका ग्रामीण क्षेत्रका जनतालाई उच्च शिक्षामा समाहित गराउन शिक्षालाई शिक्षालाई श्रम, श्रमलाई सीपसँग र सीपलाई समृद्धिसँग जोड्ने उद्देश्यका साथ दक्ष जनशक्ति उत्पादन गर्नका लागि मधेस प्रदेशमै पहिलो 'मधेस स्किल स्कूल' स्थापना गर्ने पनि मधेस विश्वविद्यालयको प्रमुख उद्देश्य रहेको उहाँको कथन छ । **रासस**

# काभ्रेपलाञ्चोकमा पूर्वाधारतर्फ तीन सय योजना कार्यान्वयनमा

काभ्रेपलाञ्चोक, २१ असोज । जिल्लामा चालु आर्थिक वर्षमा भौतिक पूर्वाधार निर्माणतर्फ करिब ३०० योजना कार्यान्वयनको चरणमा छन् ।

आवागमन सहज बनाउने र ग्रामीण क्षेत्रलाई सडक सञ्जालमा जोड्ने उद्देश्यले जिल्लास्थित पूर्वाधार विकास कार्यालयमार्फत कुल २९१ योजना कार्यान्वयनमा ल्याइएको हो ।

वाग्मती प्रदेश सरकार अन्तर्गतका योजनामध्ये २७१ सडक, आठ सडक-पुल तथा १२ मर्मतसम्भारसम्बन्धी योजना सञ्चालनमा छन् । योजनाको लागतअनुसार वर्गीकरण गरी बजेट विनियोजन गरिएको कार्यालयले जनाएको छ ।

कार्यालय प्रमुख इन्जिनियर वीरेन्द्रकुमार बज्राचार्यका अनुसार रु. २० लाखसम्मका १२३ सडक योजनाका लागि रु. २४ करोड ५० लाख, रु. २० लाखदेखि रु. एक करोडसम्मका ११२ सडक योजनाका लागि रु. ३९ करोड ७५ लाख तथा रु. एक करोडदेखि रु. दुई करोडसम्मका ११ सडक योजनाका लागि रु. एक अर्ब २३ करोड ६० लाख विनियोजन गरिएको छ ।

त्यस्तै, रु. दुई करोडभन्दा माथिका चार सडक योजनाका लागि रु. २२ करोड तथा स्रोत सहमति आवश्यक पर्ने २१ सडक योजनाका लागि रु. २६ करोड ४९ लाख विनियोजन गरिएको छ । सडक-पुल तथा मर्मतसम्भारतर्फ बजेट विनियोजन गरिएको कार्यालयले जनाएको छ ।

कार्यालयले योजनाको लागत अनुमान र स्वीकृतिको कामलाई तीव्रता दिएको छ । यस्तै, रु. एक करोडसम्मका ३० योजनाको लागत अनुमान स्वीकृत भइसकेको बज्राचार्यले बताउनुभयो ।

यसैगरी, असोजभित्र रु. २० लाखसम्मका ८०, रु. एक करोडसम्मका ७० र रु. दुई करोडसम्मका ११ योजनाको लागत अनुमान तयार गर्ने लक्ष्य राखिएको छ ।

कार्यालयले असोजभित्रै रु. एक करोडसम्मका १२० सडक योजनाको ठेक्का सूचना प्रकाशन गर्ने तयारी गरेको जनाएको छ । सडकतर्फ भुम्लु गाउँपालिकाको हवेली-सापिङ-सिम्थली-बेगसिम्ले सडकका लागि रु. आठ करोड, बोहोरेदोभान पुल-फिकु खोला करिडोर-खहरेघाट सडकका लागि रु. एक करोड र धुलिखेलको चप्लेटी-सिरानटोल-कासीभञ्ज्याङ सडकका लागि रु. एक करोड विनियोजन गरिएको छ ।

मण्डनदेउपुरको पाउँटार औद्योगिक ग्राम सडकका लागि रु. ८५ लाख स्रोत सहमति हुन बाँकी रहेको कार्यालयले जनाएको छ । कार्यालयले चालु आवमा चारवटा पक्की पुल निर्माणका लागि स्रोत सहमतिको प्रक्रिया अघि बढाएको छ । **रासस**

# कोरला नाका जोड्ने सडकका विभिन्न खण्डमा मर्मत तीव्र

म्याग्दी, २१ असोज । पछिल्लो मनसुनजन्य विपद्पछि बाढी पहिरोका कारण अवरुद्ध बनेको कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडकको विभिन्न स्थानमा मर्मत कार्य सम्पन्न भएको छ ।

सो सडकखण्डको विभिन्न ५५ स्थानमा बाढी पहिरोका कारण अवरुद्ध भएको थियो । यही असोज ८ देखि ११ गतेको भरीपछि कालीगण्डकी नदीमा आएको बाढीले १० स्थानको सडक कटान गरेर बगाएको र भत्काएको छ । बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माले म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको पोखरेबगरमा कालीगण्डकीले बगाएको सडक पुलको पहुँचमार्ग र रघुगङ्गा गाउँपालिका-२ कुनौटा बाहेकका स्थानमा मङ्गलबारसम्म प्रारम्भिक मर्मत कार्य सकिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "मालढुङ्गादेखि कुनौटा, कोरलादेखि पोखरेबगर सडक पुलसम्मको सडकमा ठुला सवारीसाधन सञ्चालन गर्न सकिने गरि मर्मत भएको छ । पोखरेबगरदेखि कुनौटाको बिचमा पर्ने रातोपानी, धिरच्याङ, भिरकाटे, महभिर, तिप्ल्याङ र बेगखोलामा पहिरो पन्छाउने तथा नयाँ मार्ग बनाउने काम सकिएको छ ।" बाढीले कुनौटामा पैदलयात्रा गर्न नमिल्ने गरी २५० मिटर सडक र पोखरेबगरको पुलको पहुँचमार्ग बगाएको थियो । कुनौटामा चार वटा एक्सीभेटरसहित टिप्पर परिचालन गरेर माटो भर्ने तथा पोखरेबगरमा मजदुर र उपकरण परिचालन गरेर ग्यावियन पर्खाल निर्माण भइरहेको छ ।

आगामी सोमबारसम्म सवारीसाधन सञ्चालन गर्ने लक्ष्यसहित उपकरण र मजदुर परिचालन गरिएको योजना प्रमुख शर्माले बताउनुभयो । सुरुआती चरणमा रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको विद्युतगृह परिसरमा कटान गरेको सडकको विकल्पमा नयाँ मार्ग बनाउन इन्धन अभाव रहँदै आएको थियो ।

राहुघाटको विद्युत्‌गृह अगाडि सडक मार्ग खुलाउने काम सकिएको छ । नेपाली सेना, स्वयम्सेवक र ड्रोनको सहायताले ढुवानी तथा सापटी मागेर इन्धन व्यवस्थापन गरिएकाले कुनै समस्या नरहेको आयोजनाले जनाएको छ ।

सडक विभाग र निर्माण व्यवसायीका १५ वटा एक्साभेटर, १२ वटा टिप्पर र १५ वटा लोडरसहित जनशक्ति परिचालन गरेर सडक निर्माणको कामलाई तीव्रता दिइएको सङ्घीय सडक सुपरीवेक्षण आयोजना पोखराका प्रमुख नरेन्द्र सुवेदीले बताउनुभयो ।

"सडक विभाग र निर्माण कम्पनीले अवरुद्ध सडक खुलाउन सबै ठाउँमा समानान्तर रूपमा काम गरिरहेका छन्," उहाँले भन्नुभयो । सो आयोजनामा यसपटकको विपद्ले हालसम्म ठुलो क्षति पुर्‍याएको छ । सडक पुनर्निर्माणका लागि रु. तीन अर्ब लाग्ने प्रारम्भिक अनुमान सडक विभागले गरेको छ । रसुवा र तातोपानी नाका बन्द रहेकाले चीनसँगको व्यापारका लागि कोरला नाका महत्त्वपूर्ण रहेको छ । सो नाका जोड्ने सडकलाई छिटो सञ्चालनमा ल्याउन सरकारले उच्च प्राथमिकताका साथ काम गरिरहेको म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो ।

। सम्पादकीय ।

# भ्रष्टाचारीहरूको फाइल कहिलेदेखि खोल्ने ?

हरेक सरकारले जनताको प्रतिबद्धता पूरा गर्ने बाचा गर्छ । तर, बाचा पूरा नहुँदै नयाँ सरकार गठन हुन्छ । कहिले सरकारको समयावधि पूरा नहुँदै सरकार फेरिएको हुन्छ भने कहिले निर्वाचनपछि अर्को सरकार बन्छ । सरकारको नेतृत्व जति फेरिए पनि जनताको चाहना पूरा हुँदैन या जनताको समस्या समाधान हुँदैन । जनतालाई आशा मात्र देखाएर सत्तारुढ दलले सरकारको नेतृत्व गर्ने भर्याङ मात्र बनाएर आफ्नो दलगत स्वार्थ पूरा गरिरहे ।

सरकारले सार्वजनिक गरेको वाचा पूरा गर्ला भन्ने विश्वास जनतामा थियो । सरकार जनताको इच्छा पूरा गर्ने आशाको केन्द्र त बन्यो । तर, त्यो आशा 'आकाशको फल आँखा तरी मर' जस्तै भइरह्यो । सारमा, जनमतको अपमान र विश्वासघात भयो । प्रतिनिधिसभाको निर्वाचनताका र निर्वाचनपछि बनेको रास्वपाका नेता र मन्त्रीहरूले देशका सबै भ्रष्टाचारीको फाइल एक एक गरी खोल्ने र भ्रष्टाचारीमाथि कारबाही गर्ने बाचा गरेका थिए । नेता र मन्त्रीहरूको बाचा सुन्दा साँच्चै रास्वपाको सरकारले भ्रष्टाचारीहरूलाई कारबाही गर्ला भन्ने जनताले विश्वास गरेका थिए । तर, सरकारको त्यो विश्वास बाचामा मात्र सीमित भयो । सत्तारुढ दलका नेताहरूले बाचा गरेर पूरा नगरेका कारण जनता आजित भइसकेका छन् । जति जोगी आए पनि कानै चिरेको जस्तो सरकार देखेर जनता वाक्कदिक्क भइसकेका छन् ।

जनताले प्रश्न गर्न थालेका छन्, सरकारमा गएर भ्रष्टाचारीलाई छानीछानी समातेर जेल कोच्ने सरकारको बाचा खोइ ? उनीहरूको सम्पत्ति जफत गरेर देश र जनताको हितमा लगाउने सरकारी बाचा कसले उडायो ? भ्रष्टाचारीहरूको फाइल कहिलेदेखि खोल्ने हो ? राजनीति गरेर सत्तामा जाने, सत्तामा गइसकेपछि राजनीति गर्न नपाइने या राजनीति गरेमा कारबाहीमा पर्ला भनेर चेतावनी दिने कस्तो द्वैधचरित्र ? रोजगारीका लागि विदेसिने युवाहरूको सङ्ख्या कम छैन । युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्ने योजना खोइ ? सरकारले सन्तुलित विकासको अवधारणा ल्याएर के रोजगारीको बन्दोबस्त गर्नु पर्दैन ? आवश्यकताअनुसार उद्योग, कलकारखाना खोलेर, बन्द भएका उद्योग सञ्चालन गरेर स्वदेशमै रोजगारीको बन्दोबस्त गर्नुपर्दैन ? के जनतालाई सधैँ भोट बैङ्क मात्र बनाउने ? देशको ठुलो दक्ष जनशक्ति बाहिरिनु राम्रो होइन । देशका दक्ष, प्राविधिक, प्राज्ञिक व्यक्तिहरू किन बिदेसिरहेका छन् ? डाक्टर, नर्स, इन्जिनियर तथा अन्य विज्ञहरू किन बाहिरिएका हुन् ? लाखौँ रकम खर्च गरेर कुनै न कुनै विषयमा विशेषज्ञता हासिल गरेका व्यक्तिहरू विदेश पठाएर के नेपाल र नेपालीको सेवा हुन्छ ? नेपालमा पढेर विदेशमा सेवा गर्ने प्रवृत्तिलाई हतोत्साही गर्नुपर्छ । यसको निम्ति विदेशमा सेवा गरिरहेका व्यक्तिहरूलाई नेपालमै सेवा गर्ने सुनिश्चित अवसर प्रदान गरेर स्वदेशमा फर्कने वातावरण तयार गर्नुपर्छ । सरकारको अदूरदर्शी नीति, निर्णय र बेवास्ताको कारण देशको जनशक्ति बाहिरिएको हो । हिजो सरकारको यस्तै कमजोरी र गलत निर्णयप्रति असन्तुष्ट भएरै भदौ २३ र २४ गतेको घटना भएको हो । पुरानो सरकार फेरिएर नयाँ सरकार बनेपछि फेरि त्यही कमजोरी र गल्ती दोहोरिरह्यो भने देशले विकासमा कसरी फड्को मार्छ ? यसकारण, शासकहरूको सोच र प्रवृत्तिमा परिवर्तन हुनुपर्छ । अनि मात्रै जनताले सुखको श्वास फेर्न पाउँछन् । पहिलेझैँ सरकारले दम्भ देखाएर, बहुमतको अहङ्कार गरेर दलगत र व्यक्तिगत स्वार्थमा सरकार र सत्तासीन दल केन्द्रित भयो भने माछा माछा भ्यागुतोबाहेक अर्को हुनेछैन ।

# पुरानो पुलको विकल्प

भक्तपुर सिर्जनानगरस्थित यातायात कार्यालयबाट सिधा पूर्व सल्लाघारी च्वङ्ग गणेशस्थानतिर जाँदा पार गर्नुपर्ने हनुमन्ते खोलामा मोटरेबल पुल पर्छ । यो पुल निकै साँगुरो मात्रै होइन पुरानो पनि भइसकेको छ । पैदलयात्री त हिँड्नै पर्‍यो । साथसाथै दुईपाङ्ग्रे मात्र होइन, टिपरजस्ता ठुलाठुला सवारी साधन पनि यही पुल भएर गुड्छन् । पुलमा हिँड्दै गर्दा ठुलासाना सवारी साधन आइपुग्छन् । हर्न सुनेर पनि पेटी साँगुरो भएकोले छेउ लाग्न नभ्याउँदै वा छेउ लागिसकेपछि पनि सवारी साधनको 'छुवाइ' मा परिएला भन्ने डर लाग्छ र दुर्घटना हुने जोखिम छ । दिनदिनै यस्तो देख्दा/भोग्दा सोच्छु- पुल पार गर्दागर्दै कुनै दिन अप्रिय घटना पो भइहाल्ने हो कि !



यो पुलको बिकल्पमा अरनिको हाइवे एकदम नजिकै छ । त्यसैले, अर्को बलियो र फराकिलो पुल नबनुञ्जेल यो पुल भएर चारपाङ्ग्रे सवारी साधन चलाउन नपाउने व्यवस्था गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन चाहन्छु ।

*-इकुश्रे, सिर्जनानगर, भक्तपुर*

पाठक पत्र

# समाजवादको अभ्यास र प्रतिक्रान्ति भएका देशहरू

बीसौँ शताब्दी विश्व इतिहासमा यस्तो युग बन्यो जहाँ उत्पीडित सर्वहारावर्गले सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गर्दै पुँजीवादी तथा सामन्ती सत्ताका विरुद्ध सशस्त्र विद्रोह र क्रान्तिको शङ्खनाद गरे ।

यद्यपि, समाजवादी आन्दोलन एकरेखीय मार्गमा अगाडि बढेको छैन; यसमा असाधारण विजय, युगान्तकारी रूपान्तरण, भयानक प्रतिक्रान्ति र जटिल पुनर्संरचनाका घुम्तीहरू विद्यमान छन् । पेरिस कम्युनको पहिलो भ्रुणदेखि अक्टोबर क्रान्तिको विस्फोट हुँदै आजसम्म आइपुग्दा विश्व समाजवादका तीन स्पष्ट ऐतिहासिक धाराहरू देखा पर्दछन् : पहिलो, क्रान्ति सम्पन्न गरी पुँजीवादी घेराबन्दीका बिच हालसम्म टिकिरहेका देशहरू; दोस्रो, समाजवादको सफल अभ्यास गरेर पनि संशोधनवाद र बाह्य षड्यन्त्रका कारण पुँजीवादी पुनर्स्थापना भोग्न बाध्य भएका देशहरू र तेस्रो, समाजवादी यात्रा प्रारम्भ गरे पनि साम्राज्यवादी बर्बरता, सैनिक कू र आन्तरिक सीमाका कारण छोटो समयमै उल्ट्याइएका ऐतिहासिक प्रयासहरू ।

यहाँ विश्वका केही त्यस्ता देशहरूको बारे चर्चा गरिएको छ जहाँ समाजवादको अभ्यास भइरहेको छ वा विगतमा त्यस्तो अभ्यास भएर अहिले प्रतिक्रान्तिमा बदलिएको छ ।

**(क) समाजवादी देशहरू**

बीसौँ शताब्दीको उत्तरार्द्धमा सोभियत सङ्घको विघटनपछि पुँजीवादी सिद्धान्तकारहरूले 'इतिहासको अन्त्य' भएको र पुँजीवाद नै अन्तिम व्यवस्था भएको घोषणा गरेका थिए । तर, विश्वका कति मुलुकहरूले साम्राज्यवादी नाकाबन्दी, वैचारिक आक्रमण र आन्तरिक चुनौतीहरूको सामना गर्दै कम्युनिस्ट पार्टीको अग्रगामी भूमिका र मार्क्सवाद-लेनिनवादको मार्गदर्शक सिद्धान्तलाई आजपर्यन्त जीवन्त राखेका छन् ।

**१. जनगणतन्त्र चीन**

सन् १९४९ मा माओ त्सेतुङको नेतृत्वमा सम्पन्न नयाँ जनवादी क्रान्तिले अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक चीनलाई मुक्त गर्‍यो । करिब एक शताब्दी लामो साम्राज्यवादी अपमान र आन्तरिक लुट अन्त्य गर्दै चिनियाँ कम्युनिस्ट पार्टीले श्रमिक जनताको अधिनायकत्व स्थापित गर्‍यो ।

माओकालीन चरणमा भूमिसुधार, कृषि सहकारीकरण, आधारभूत भारी उद्योगहरूको निर्माण र समाजवादी सांस्कृतिक रूपान्तरणको जग बसालियो । सन् १९७८ पछि देङ सियाओपिङको नेतृत्वमा सुरु भएको 'सुधार र खुलापन' ले समाजवादको प्राथमिक चरणको अवधारणा अघि सार्दै उत्पादक शक्तिहरूको विकासबिना गरिबी बाँड्नु समाजवाद हुन नसक्ने निष्कर्ष निकाल्यो ।

वर्तमानमा सी चीनफिङको नेतृत्वमा चीनले 'नयाँ युगका लागि चिनियाँ विशेषतासहितको समाजवाद' अङ्गीकार गर्दै करिब ८० करोड जनतालाई निरपेक्ष गरिबीबाट बाहिर निकालेको छ । बैङ्किङ, ऊर्जा, दूरसञ्चार, यातायात र भारी उद्योगजस्ता रणनीतिक क्षेत्रमा सार्वजनिक तथा राज्य स्वामित्व कायम राख्दै उच्च प्रविधिको विकास गरेर चीन आज अमेरिकी साम्राज्यवादी एकध्रुवीय प्रभुत्वलाई चुनौती दिने समाजवादी शक्तिका रूपमा उभिएको छ ।

**२. क्युबा**

सन् १९५९ मा फिडेल क्यास्ट्रो, चे ग्वेभारा र राउल क्यास्ट्रोको नेतृत्वमा सम्पन्न क्युवाली क्रान्तिले अमेरिकी साम्राज्यवादको नव-औपनिवेशिक क्रीडास्थल बनेको बातिस्ताको तानाशाही सत्तालाई चकनाचुर बनायो । अमेरिकाको समुद्री तटबाट मात्र ९० माइल टाढा रहेको क्युवाले छ दशकभन्दा लामो समयदेखि क्रूर आर्थिक, व्यापारिक र वित्तीय नाकाबन्दीको सामना गरिरहेको छ ।

मार्क्सवादी-लेनिनवादी सिद्धान्तमा आधारित क्युवाली समाजवादले शिक्षा र स्वास्थ्यलाई नाफामूलक बजारबाट पूर्ण रूपमा मुक्त गरी निःशुल्क, सर्वसुलभ र विश्वस्तरीय बनायो । क्युवाको स्वास्थ्य प्रणाली आज विश्वमै उदाहरणीय मानिन्छ, जसले 'चिकित्सा अन्तर्राष्ट्रतावाद' मार्फत विश्वका विपन्न मुलुकहरूमा लाखौँ नागरिकलाई निःस्वार्थ सेवा दिँदै आएको छ ।

सोभियत सङ्घको विघटनपछि उत्पन्न भीषण 'विशेष अवधि' को भोकमरी र अभावलाई क्युवाली जनताले समाजवादी चेतना र दृढताका आधारमा परास्त गरे । स्थानीय जनशक्ति, जनशक्तिको प्रत्यक्ष सहभागिता र जैविक कृषिको विकास गर्दै क्युवा आज पनि ल्याटिन अमेरिकामा साम्राज्यवादविरोधी प्रतिरोधको मुख्य प्रेरणास्रोत बनिरहेको छ ।

**३. भियतनाम**

भियतनामको समाजवादी इतिहास हो-चि मिन्हको नेतृत्वमा सञ्चालित साम्राज्यवादविरोधी सशस्त्र जनयुद्धको गौरवशाली गाथा हो । भियतनामी जनताले पहिले फ्रान्सेली औपनिवेशिक सेनालाई सन् १९५४ को डिएन बिएन फुको लडाइँमा पराजित गरे र पछि सन् १९७५ सम्म चलेको युद्धमा अमेरिकी साम्राज्यवादी बर्बरता, रासायनिक हतियार (एजेन्ट ओरेन्ज) र लाखौँ टन बमको वर्षालाई परास्त गर्दै देश एकीकृत गरी समाजवाद स्थापना गरे ।

युद्धले ध्वस्त पारेको अर्थतन्त्रको पुनरुत्थानका लागि भियतनामी कम्युनिस्ट पार्टीले सन् १९८६ मा 'दोई मोई' (आर्थिक नवीकरण) नीति अघि सार्‍यो । यसले रणनीतिक क्षेत्रहरूमा राज्य नियन्त्रण कायम राख्दै बजार संयन्त्रलाई समाजवाद निर्माणको सेवामा परिचालन गरेको छ ।

भियतनामले आफ्नो सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र कम्युनिस्ट पार्टीको नेतृत्वलाई अक्षुण्ण राख्दै उच्च आर्थिक वृद्धि, सामाजिक सुरक्षा र गरिबी निवारणमा व्यापक प्रगति हासिल गरेको छ ।

**४. लाओस**

इन्डो-चाइना प्रायःद्वीपमा अमेरिकी गुप्त युद्धको सर्वाधिक मार खेपेको देश लाओस हो, जहाँ प्रतिव्यक्ति अनुपातमा इतिहासकै सबैभन्दा धेरै बम खसालिएको थियो । काइसोन फोमविहानेको नेतृत्वमा रहेको 'पाथेत लाओ' आन्दोलनले सन् १९७५ मा सामन्ती राजतन्त्र र अमेरिकी कठपुतली सत्तालाई परास्त गरी लाओ जनवादी लोकतान्त्रिक गणतन्त्र स्थापना गर्‍यो ।

लाओ पिपुल्स रिभोल्युसनरी पार्टीले सन् १९८६ देखि 'नयाँ आर्थिक संयन्त्र' लागू गर्‍यो । भूपरिवेष्ठित र भौगोलिक रूपमा विकट रहेको लाओसले प्राकृतिक स्रोत, जलविद्युत् र क्षेत्रीय पूर्वाधारको विकास गर्दै समाजवादी रूपान्तरणको बाटो तय गरिरहेको छ, जहाँ राज्यले रणनीतिक क्षेत्रको नियन्त्रण आफ्नै हातमा राखेर ग्रामीण गरिबी न्यूनीकरण र साक्षरता विस्तारलाई मुख्य प्राथमिकतामा राखेको छ ।

**५. उत्तर कोरिया**

सन् १९४८ मा किम इल सङको नेतृत्वमा स्थापित उत्तर कोरियाले जापानी औपनिवेशिक दासता र सन् १९५०-५३ को अमेरिकी आक्रमणको विरुद्ध भिषण लडाइँ लड्यो । कोरियाली प्रायःद्वीपको विभाजनपछि उत्तर कोरियाले उत्पादनका साधनमाथि पूर्ण सामाजिकीकरण गर्दै निःशुल्क आवास, शिक्षा र स्वास्थ्यको व्यवस्था गर्‍यो ।

उत्तर कोरियाले मार्क्सवाद-लेनिनवादसँगै आत्मनिर्भरताको 'जुछे' र 'सोङगुन' (सैन्य-प्रथम) विचारका आधारमा आफ्नो सार्वभौमसत्ता र समाजवादको रक्षा गर्दै आएको छ । पश्चिमी साम्राज्यवादको निरन्तर आणविक धम्की र नाकाबन्दीका बिच यसले आफ्नो राष्ट्रिय सार्वभौमसत्ताको रक्षाका निम्ति बलियो प्राविधिक तथा प्रतिरक्षा क्षमता सुदृढ गरेको छ र पुँजीवादी पुनर्स्थापनालाई अस्वीकार गर्दै साम्राज्यवादविरोधी मोर्चामा दृढतापूर्वक उभिएको छ ।

**(ख) समाजवादी सत्तामा प्रतिक्रान्ति भएका देशहरू**

विश्व कम्युनिस्ट आन्दोलनको दोस्रो आयाम भनेको समाजवाद स्थापना भएर पनि कालान्तरमा भयानक प्रतिक्रान्ति र पुँजीवादी पुनर्स्थापना भोग्न बाध्य भएका देशहरूको इतिहास हो । यो वैज्ञानिक समाजवादको असफलता थिएन, बरु पार्टीभित्र हुर्किएको संशोधनवाद, नोकरशाहीकरण, उत्पादन सम्बन्धको जडता र साम्राज्यवादी वैचारिक विध्वंसको दुष्परिणाम थियो ।

**१. सोभियत समाजवादी गणतन्त्र सङ्घ**

सन् १९१७ को महान् अक्टोबर समाजवादी क्रान्तिले भ्लादिमिर लेनिनको नेतृत्वमा इतिहासमै पहिलोपटक सर्वहारा अधिनायकत्व स्थापित गरेको थियो ।




सोभियत सङ्घले इतिहासमै पहिलोपटक आठघण्टे कार्यदिन, महिलाको समान अधिकार, निःशुल्क शिक्षा, स्वास्थ्य, पूर्ण रोजगारी र योजनाबद्ध औद्योगीकरणको कार्यान्वयन गर्‍यो । जोसेफ स्तालिनको नेतृत्वमा सोभियत सङ्घले सामन्ती कृषिप्रधान देशलाई आणविक र अन्तरिक्ष युगको महाशक्तिमा रूपान्तरण गर्‍यो र नाजी फासीवादलाई परास्त गर्न २ करोड ७० लाख नागरिकको बलिदान दिएर निर्णायक भूमिका खेल्यो ।

तर, सन् १९५३ मा स्तालिनको मृत्युपछि निकिता ख्रुश्चेभको आगमनसँगै सोभियत पार्टीमा आधुनिक संशोधनवादले प्रवेश पायो । ख्रुश्चेभले अघि सारेको 'सम्पूर्ण जनताको राज्य' र 'शान्तिपूर्ण सह-अस्तित्त्व' को गैर-मार्क्सवादी सिद्धान्तले वर्गसङ्घर्षको मर्ममाथि प्रहार गर्‍यो र नोकरशाही अहङ्कारले पार्टीलाई मजदुरवर्गबाट विमुख बनायो ।

सन् १९८० को दशकमा मिखाइल गोर्बाचोभले अगाडि सारेको 'ग्लासनोस्त' र 'पेरेस्त्रोइका' ले पुँजीवादी बजार अराजकता र बुर्जुवा बहुलवादलाई वैधता दियो । अन्ततः सन् १९९१ डिसेम्बरमा पार्टीभित्र हुर्किएको नोकरशाही पुँजीपतिवर्ग र साम्राज्यवादी शक्तिहरूको मिलेमतोमा सोभियत सङ्घको विघटन गरियो र रुससहित १५ गणतन्त्रहरूमा 'शक थेरापी' मार्फत सार्वजनिक सम्पत्ति निजीकरण गरी ओलिगार्कहरूको उदय गराइयो ।

**२. जर्मन जनवादी गणतन्त्र**

सन् १९४९ मा स्थापित पूर्वी जर्मनी समाजवादी शिविरको पश्चिमी सिमाना थियो । यसले युद्धको भग्नावशेषबाट उठेर उच्च औद्योगिक आधार, पूर्ण रोजगारी, निःशुल्क आवास र सामाजिक सुरक्षाको उदाहरणीय ढाँचा निर्माण गर्‍यो ।

यद्यपि, पश्चिमी पुँजीवादको निरन्तर उपभोगवादी प्रचार, मनोवैज्ञानिक युद्ध र आन्तरिक उत्पादनमा उपभोग्य वस्तुहरूको अभावलाई जनवादी तवरले सम्बोधन गर्न नसक्दा असन्तुष्टि बढ्यो । सन् १९८९ मा बर्लिनको पर्खाल ढालिएपछि साम्राज्यवादी पश्चिम जर्मनीले यसलाई वस्तुतः निलेर पुँजीवादी पुनर्स्थापना गर्‍यो, जसले पूर्वी भागमा व्यापक बेरोजगारी र उद्योगहरूको विनाश निम्त्यायो ।

**३. पोल्यान्ड**

दोस्रो विश्वयुद्धपछि सन् १९४७ मा पोल्यान्डमा समाजवादी सत्ता स्थापना भयो । पोल्यान्डले द्रुत औद्योगीकरण र युद्धपछिको पुनर्निर्माणमा ठुलो सफलता हासिल गरे पनि त्यहाँ क्याथोलिक चर्च र परम्परागत भूस्वामित्वको प्रभाव पूर्ण रूपमा रूपान्तरण हुन सकेको थिएन ।

सन् १९८० को दशकमा अमेरिकी गुप्तचर संस्था सीआईए र भ्याटिकनको प्रत्यक्ष आर्थिक तथा राजनीतिक सहयोगमा 'सोलिडारिटी' ट्रेड युनियनमार्फत प्रतिक्रान्ति सञ्चालन गरियो । आर्थिक सङ्कट र विदेशी ऋणको दबाबमा परेर सन् १९८९ मा पार्टीले सम्झौता गर्‍यो र पोल्यान्ड पूर्वी युरोपमा समाजवाद त्याग्ने पहिलो देश बन्यो ।

**४. हङ्गेरी**

सन् १९४९ मा जनगणतन्त्र बनेको हङ्गेरीमा सन् १९५६ मै पश्चिमी गुप्तचर संस्थाहरूको आडमा प्रतिक्रान्तिकारी विद्रोह भएको थियो, जसलाई सोभियत सहयोगमा नियन्त्रण गरियो । त्यसपछि जानोस कादारको नेतृत्वमा 'गुलास समाजवाद' को नाममा व्यापक बजार सुधार, निजी नाफा र पश्चिमा ऋणहरू भित्र्याइयो ।

यस बजारमुखी नीतिले समाजवादी योजना प्रणालीलाई भित्रैबाट कमजोर बनायो । परिणामस्वरूप सन् १९८९ सम्म पुग्दा पार्टीभित्रैका सुधारवादी पुँजीवादी धारले शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्दै पुँजीवादलाई पुनर्स्थापित गर्‍यो ।

**५. चेकोस्लोभाकिया**

सन् १९४८ मा कम्युनिस्ट पार्टीले सत्ता सम्हालेपछि चेकोस्लोभाकिया प्राविधिक र औद्योगिक रूपमा पूर्वी युरोपको सबैभन्दा उन्नत समाजवादी मुलुक बन्यो । सन् १९६८ मा अलेक्ज्यान्डर दुब्चेकको नेतृत्वमा 'मानवीय अनुहारसहितको समाजवाद' को नाममा बुर्जुवा उदारीकरण (प्राग स्प्रिङ) सुरु भयो, जसलाई वार्सा प्याक्टका सेनाले हस्तक्षेप गर्‍यो ।

तर, वैचारिक शुद्धीकरण र जनसहभागिताको अभावका कारण सन् १९८९ को तथाकथित 'भेल्भेट रिभोल्युसन' मार्फत पुँजीवाद पुनर्स्थापना भयो र पछि साम्राज्यवादी दबाबमै देश चेक गणतन्त्र र स्लोभाकियामा विभाजित हुन पुग्यो ।

**६. रोमानिया**

निकोलाई चाउचेस्कुको नेतृत्वमा रहेको रोमानियाले सुरूमा तीव्र औद्योगीकरण गरे पनि पछि सोभियत सङ्घबाट अलग देखिने नाममा सङ्कीर्ण राष्ट्रवाद र पश्चिमा वित्तीय संस्थाहरू (आईएमएफ र विश्व बैङ्क) बाट चर्को ब्याजमा ऋण लिने नीति लियो । विदेशी ऋण तिर्न चाउचेस्कुले जनताको आधारभूत उपभोगमा चरम कटौती गरेपछि व्यापक जनआक्रोश फैलियो ।

सन् १९८९ डिसेम्बरमा पश्चिमी गुप्तचरहरूको सहयोग र सेनाको एक गुटको षड्यन्त्रमार्फत रक्तपातपूर्ण विद्रोह गराई चाउचेस्कु दम्पतीलाई तत्काल गोली हानी हत्या गरियो र समाजवादी राज्य संरचना ध्वस्त पारियो ।

**७. बुल्गेरिया**

बुल्गेरिया दोस्रो विश्वयुद्धपछि जारशाही अन्त्य गरी सन् १९४६ मा जर्ज दिमित्रोभको नेतृत्वमा समाजवादी गणतन्त्र बनेको थियो । यसले कृषिप्रधान देशलाई आधुनिक कृषि-औद्योगिक अर्थतन्त्रमा बदलेको थियो र यो सोभियत सङ्घको सबैभन्दा भरपर्दो साझेदार थियो । तर, सोभियत सङ्घमा गोर्बाचोभको आत्मसमर्पणवादी नीति हाबी भएपछि सन् १९८९ मा बुल्गेरियाली कम्युनिस्ट पार्टीको नेतृत्वले दबाब झेल्न सकेन र बहुदलीय पुँजीवादी प्रणालीसामु आत्मसमर्पण गर्‍यो ।

**८. अल्बानिया**

एन्भर होक्जाको नेतृत्वमा

*बाँकी पृष्ठ ७ मा*

# चे, फिडेलको संस्मरणमा- १

चे ग्वेभारा गायब भएको विषयमा सन् १९६५ मा विभिन्न चर्चा चल्न थाल्यो । क्रान्तिमा विभाजनको उद्देश्यले विदेशका विभिन्न काल्पनिक कथाहरू प्रचार हुन थाल्यो । चे ग्वेभारा र फिडेल क्यास्ट्रोबिच राजनैतिक मतभिन्नता आएको, क्यास्ट्रोले चे ग्वेभारालाई बोल्न प्रतिबन्ध लगाएको, विस्थापित गरेको र मारेकोसम्म आरोप लगाइयो । ती आरोपहरू वामपन्थी वृत्तमा पनि चल्यो र एउटा तथ्यको रूपमा प्रस्तुत गरियो ।

सेप्टेम्बर २८, १९६५ को जनसभामा क्यास्ट्रोले केही दिनमै चेले क्युबा छाड्नुपूर्व लेखेको एउटा चिट्ठी सार्वजनिक गर्ने घोषणा गर्नुभयो । क्यास्ट्रोले भन्नुभयो, "हामी जनतामाझ अर्नेस्टो ग्वेभाराको विषयमा बोल्नेछौँ । उनी यहाँ छन् वा छैनन्, जिउँदै छन् वा मुर्दाको विषयमा शत्रुले धेरै झूटा प्रचारहरू गरेका छन् । अहिले तिनीहरू अन्योलमा छन् । त्यसैले अरुलाई अन्योलमा पार्न खोज्छन् तथा अरु समयमा तिनीहरू सत्य साबित गर्ने प्रयास गर्छन् । हामी अर्नेस्टो ग्वेभाराको एउटा पत्र पढ्नेछौँ जसले यी महिनाहरूमा उनी यहाँ नहुनुको कारण प्रस्ट पार्छ । मैले अघि भनेको सभामा सो पत्र पढ्नेछु । अहिले होइन, किनभने अहिले मैले त्यो पत्र ल्याएको छैन । त्यही सभामा हामी त्यो पत्र पढ्नेछौँ र केही विषयहरूमा छलफल गर्नेछौँ ।"

क्यास्ट्रोले भन्नुभएको सभा टेलिभिजनमा पनि देखाइयो जसमा नवगठित क्युवाली कम्युनिस्ट पार्टीहरूको केन्द्रीय समितिमा सदस्यहरू उपस्थित थिए । चेको त्यहाँ उपस्थिति थिएन । ३ अक्टोबर १९६५ को क्यास्ट्रोको भाषणको एक अंश यहाँ उल्लेख छ । चेको परिवार स्रोताको रूपमा त्यो सभामा उपस्थित थिए । हाम्रो केन्द्रीय समितिका सदस्यहरू घोषणा गरिएको नाम सूचीमा उनी छैनन् ।

शत्रुले हजारौँ अड्कलहरू लगाउन सकेका छन् । शत्रुले अन्योलको बीउ छर्ने वा शङ्का बढाउने प्रयास गर्‍यो तर सही समय पर्खनु आवश्यक भएकोले हामीले धैर्यपूर्वक पर्खियौँ ।

यसले नै क्रान्तिकारीहरूलाई प्रतिक्रान्तिकारी र साम्राज्यवादीहरूबाट छुट्याउँछ । क्रान्तिकारीहरू कसरी पर्खने भन्ने कुरा जान्दछन्, हामीलाई थाहा छ कसरी धैर्य राख्ने, हामी कहिल्यै निराश छैनौँ । प्रतिगामीहरू, प्रतिक्रान्तिकारीहरू र साम्राज्यवादीहरू सदा



निराशामा बाँच्छन्, सदा आक्रोशमा बाँच्छन्, सदा झूटमा बाँच्छन् । सबभन्दा हास्यास्पद र केटाकेटीपनले बाँच्छन् । केही अधिकारीहरूका अनुसार अमेरिकी सांसदहरूले बोलेका कुरा सुन्ने हो भने तिनीहरू प्रतिनिधिसभामा पुगे तापनि नबोलेको भए हुन्थ्यो भन्ने लाग्छ । कसरी भन्ने प्रश्न सोध्न कर लाग्छ । तिनीहरूमध्ये केही मूर्खतापूर्ण ढङ्गमा बोल्छन् । तिनीहरूको झूटो बोल्ने चर्को बानी छ । तिनीहरू झूटो नबोली बाँच्न सक्तैनन् । तिनीहरू त्रासमा जिउँछन् ।

यदि क्रान्तिकारी सरकारले सधैँ भन्दै आइरहेको केही कुरा भन्छ भने तिनीहरू त्यसमा पनि डरलाग्दा योजना भएको कुराहरू देख्छन् ।

कस्तो हास्यास्पद ! तिनीहरू कुन त्रासमा बाँच्छन् ? एउटा अचम्मको कुरा के हो भने के तिनीहरू यसमा विश्वास गर्छन् ? अथवा आफूले भनेको हरेक कुरामा विश्वास गर्न के तिनीहरू जरुरी सम्झन्छन् ? अथवा आफूले भनेका हरेक कुरामा विश्वास नगरी के तिनीहरू बाँच्न सक्तैनन् ? अथवा के तिनीहरू आफूले विश्वास नगर्ने कुरा पनि बताउँछन् ?

यो कुरा भन्न कठिन छ । यो सायद चिकित्सक र मनोचिकित्सकहरूको विषय हो । तिनीहरूको दिमागमा के छ ? कुन त्रासले गर्दा तिनीहरू हरेक कुरालाई दाउपेच, डरलाग्दो योजना ठान्छन् ? सफा मनले, सत्यको पक्षमा लड्नुबाहेक अर्को कुनै रणनीति नभएको कुराप्रति तिनीहरू अवगत छैनन् किनभने यिनै हतियारहरूले मात्र विश्वास, सुरक्षा, समाज र नैतिकतालाई प्रेरित गर्छ । यही हतियारहरूबाटै हामी क्रान्तिकारीहरूले हाम्रो शत्रुहरूलाई पराजित गर्न र ध्वस्त गर्न प्रयोग गरिआएका छौँ ।

एउटा क्रान्तिकारीको मुखबाट कसले झूट सुनेको छ ? झूटको हतियारले क्रान्तिकारीहरूलाई मद्दत गर्दैन र कुनै पनि गम्भीर क्रान्तिकारीले झूटको सहारा लिन आवश्यक छैन । तिनीहरूले हतियार भनेको सही उद्देश्य, नैतिकता, सच्चाइ, विचारको रक्षा गर्ने क्षमता, एक प्रस्ताव र स्थिति हो ।

छोटोमा भन्नुपर्दा हाम्रा शत्रुहरूको नैतिक स्थिति साँच्चै सोचनीय छ । तसर्थ, क्युवाको विषयमा जानकारी राख्ने भविष्यवेत्ता, पण्डित, विज्ञहरू रहस्य सुल्झाउने प्रयास गरिरहेका छन् । के अर्नेस्टो ग्वेभारा पजनीमा परेको हो ? के ग्वेभारा बिरामी छन् ? के अर्नेस्टो ग्वेभारासँग मत भिन्नता छ ? यस्तै यस्तै कुराहरू छन् ।

स्वाभाविकरूपले जनता विश्वस्त छन् । जनतामा विश्वास छ । तर, शत्रुहरू विशेषगरी विदेशमा यस्ता कुराहरू फैलाएर हामीलाई बदनाम गर्न चाहन्छन् । तिनीहरू यहाँ एउटा डरलाग्दो कम्युनिस्ट शासन छ, जनताबिना कुनै चिह्नबिना कुनै स्पष्टीकरण गायब हुन्छन् भन्छन् । जब जनतामा उनको अनुपस्थितिप्रति ध्यानाकृष्ट भयो, हामीले जनतालाई सही समयमा त्यसको सूचना दिँदै बतायौँ । पर्खनुका कारणहरू थिए भनी बतायौँ ।

हामी साम्राज्यवादका शक्तिहरूले घेरिएर बाँचेका छौँ । विश्व सामान्य परिस्थितिमा छैन । अमेरिकी साम्राज्यवादीहरूको आपराधिक बमहरू भियतनामका जनतामाथि खसिरहेसम्म हामी साधारण परिस्थितिमा बाँच्दै छौँ भन्न सक्तैनौँ । एक लाखभन्दा बढी अमेरिकी सैनिकहरू मुक्ति आन्दोलनलाई दबाउने प्रयासमा एउटा भूमिमा उत्रन्छन्, अन्य गणतन्त्रसरहको कानुनी अधिकार भएको डोमिनिकन गणतन्त्रमा त्यहाँको सार्वभौमिकता कुल्चन साम्राज्यवादका सैनिक उत्रन्छन् भने विश्व सामान्य परिस्थितिमा बाँचेको छैन । हाम्रो देशलाई घेरेर साम्राज्यवादीहरूले भरौटे सैनिकहरूलाई प्रशिक्षित गरिरहेको ( स्पेनियाली व्यापारी जहाजमा प्रतिक्रान्तिकारी निर्वासित क्युवालीहरूको आक्रमण) सियरा आराजाचू (Sierra Aranzazu), ल्याटिन अमेरिका वा विश्वको कुनै पनि देशमा हस्तक्षेप




गर्ने धम्की साम्राज्यवादीहरूले दिइरहेका छन् भने हामी सामान्य परिस्थितिमा बाँचिरहेका छैनौँ ।

बाटिस्टा तानाशाहीविरुद्ध भूमिगत युद्ध गर्दा सामान्य परिस्थितिमा नबसेका क्रान्तिकारीहरूले सङ्घर्षका नियमहरू पालना गर्नुपर्थ्यो । यसरी नै हाम्रो देशमा क्रान्तिकारी सरकार भए तापनि विश्वका यथार्थताको सन्दर्भमा भन्नुपर्दा हामी सामान्य परिस्थितिमा बाँचेका छैनौँ तथा हामीले सो परिस्थितिका नियमहरू पालना गर्नुपर्दछ ।

यसलाई व्याख्या गर्न म अर्नेस्टो ग्वेभाराको एक हस्तलिखित पत्र पढ्न गइरहेको छु । जसले सबै कुरा प्रस्ट पार्दछ । हाम्रो मित्रता र बन्धुत्व कसरी सुरु भयो, कुन परिस्थितिमा र कसरी विकसित भयो ? त्यो सबै बताउनु आवश्यक छैन । म आफूलाई पत्र पढ्नसम्म गइरहेको छु ।

लेखिएको छ- 'हवाना' पत्रमा कुनै मिति छैन किनभने पत्र सबभन्दा उपयुक्त समयमा पढियोस् भन्ने आशयले लेखिएको थियो तर पत्र सान्है सङ्क्षेपमा अप्रिल १ मा पठाइएको थियो । ठीक छ महिना दुई दिन अगाडि प्रेषित पत्रमा लेखिएको छ -

**हवाना, कृषि वर्ष**

फिडेल,

यस क्षणमा म धेरै कुरा सम्झिरहेको छु जब क्युवाली क्रान्तिकारी मारिया एन्टोनियो ( Maria Antonio) को घरमा हाम्रो भेट भयो जब म तयारीको चिन्तामा थिएँ, एक्लै भए पनि आउने प्रस्ताव तपाईंले राख्नुभयो । एकदिन तिनीहरू आए र कारणवस मृत्यु भए कसलाई सूचना दिने भनी मलाई सोधे, त्यो तथ्यको सम्भावनाले मलाई पनि छोयो । पछि गएर हामीले यो कुरा सत्य हो भन्ने थाहा पायौँ, क्रान्तिमा एउटा जित्छ वा मर्छ (यदि क्रान्ति साँचो हो भने) विजयको बाटोमा धेरै कामरेडहरू बिते ।

आज हरेक कुरा कम नाटकीय छ किनभने हामी बढी परिपक्व भयौँ । तर, घटनाले आफैलाई दोहोर्‍याउँछ । यस क्षेत्रमा क्युवाली क्रान्तिसँग मलाई बाँध्ने मेरो कर्तव्यको एउटा भाग मैले पूरा गरिसकेको जस्तो मलाई लाग्छ र म तपाईंसँग, कामरेडहरूसँग, तपाईंका जनतासँग जो अहिले मेरा पनि जनता हुन्, उहाँहरूसँग बिदा माग्छु । म औपचारिकरूपमा पार्टी नेतृत्वमा मेरो स्थान, मेरो मन्त्री पद कमान्डर पद र क्युवाली नागरिकताबाट राजीनामा दिन्छु । कुनै पनि कानुन बन्धनले मलाई क्युवासँग बाँधेका हुन्छन् । क्युवासँगको बन्धन अर्कै प्रकृतिको छ, त्यो बन्धनलाई औपचारिक पद नियुक्तिले तोड्न सकिँदैन ।

मेरो विगतको जीवन सम्झँदा क्रान्तिकारी विजयलाई ठोस बनाउन पर्याप्त एकता र समर्पणका साथ काम गरेको मेरो विश्वास छ । मेरो एउटै मात्र गम्भीर असफलता भनेको सियरा मायस्ट्रामा पहिलो क्षणदेखि नै तपाईंप्रति बढी विश्वास नराख्नु तथा एक नेता र क्रान्तिकारीको रूपमा तपाईंको गुणलाई छिट्टै नबुझ्नु थियो ।

मैले धेरै गौरवपूर्ण दिन बाँचें तथा तपाईंसँग गौरवपूर्ण तर दु:खद क्यारिबियाली क्षेप्यास्त्र सङ्कट (Caribbean Missile Crisis) का दिनहरूमा हाम्रा जनतासँग बस्न पाएकोमा म गौरव अनुभव गर्दछु । ती दिनहरूमा तपाईंभन्दा बुद्धिमान राजनेता सायदै थिए । बिना कुनै सर्त तपाईंको अनुशरण गर्न पाएकोमा तथा तपाईंको विचारको शैलीलाई बुझ्न पाउँदा तथा सिद्धान्तहरूलाई हेर्न र प्रशंसा गर्न पाउँदा मलाई पनि बिना कुनै हिच्किचाहट गौरव लाग्यो ।

संसारका अन्य राष्ट्रहरूले मेरो विनम्र प्रयासको लागि आह्वान गरेका छन् । क्युवाको प्रमुखको रूपमा तपाईंको जिम्मेवारीको कारण तपाईंले गर्न सम्भव नभएको काम म गर्न सक्छु र हाम्रो छुटिने समय आएको छ ।

यो समय मेरो लागि खुसी र दु:खको समय हो । यहाँ मैले मेरा सबभन्दा प्रियजनहरूको प्यारो व्यक्तिको रूपमा एक निर्ममताका सबभन्दा पवित्र आशाहरू छाडेको छु । मलाई छोराको रूपमा स्वीकार्ने जनतालाई छाडेको छु । यसले मेरो भावनामा एउटा घाउ पारेको छ । तपाईंले सिकाउनुभएको विश्वास मेरा जनताको क्रान्तिकारी भावना सबभन्दा पवित्र कर्तव्य पूरा गर्ने भावना आदिको कारण साम्राज्यवादविरुद्ध जुनसुकै ठाउँमा लड्ने क्रममा मैले नयाँ रणक्षेत्र खोलेको छु । यसले मेरो गहिरो घाउलाई निको पार्न धेरै धेरै सहयोग गर्नेछ ।

क्युवाको उदाहरण लिनबाहेक क्युवालाई कुनै पनि दायित्वबाट मुक्त गरेको घोषणा म पुन: गर्न चाहन्छु । यदि मेरो अन्तिम घडी अरु आकाशमुनि बित्ने भए पनि मेरो अन्तिम विचार यहाँको जनता र विशेषगरी तपाईंको हुनेछ । म तपाईंको शिक्षा र उदाहरणको लागि आभारी छु तथा मेरा कामहरूको अन्तिम परिणामसम्म म यसप्रति विश्वासिलो रहने प्रयास गर्नेछु ।

हाम्रो क्रान्तिको विदेश नीतिप्रति म सधैँ परिचित छु र रहनेछु । म जहाँ भए पनि तापनि म आफूलाई क्युवाली क्रान्तिकारी भएको जिम्मेवारी अनुभव गर्नेछु तथा त्यसरी नै व्यवहार गर्नेछु । मैले मेरी श्रीमती तथा बालबालिकालाई कुनै पनि भौतिक सम्पत्ति नछोडेकोमा दु:खी छैन । म यसैमा खुसी छु । म तिनीहरूको लागि केही माग्नेछैन किनभने राज्यले तिनीहरूलाई बाँच्न पर्याप्त सामग्री उपलब्ध गराउनेछ र शिक्षा दिनेछ ।

तपाईं तथा हाम्रा जनतालाई भन्नुपर्ने धेरै कुराहरू छन् तर ती सबैलाई म अनावश्यक ठान्छु । मैले के भन्न खोजेको छु, त्यसलाई शब्दहरूमा व्यक्त गर्न सकिन्न तथा नबुझिने धेरै पाना भर्नु म उपयुक्त ठान्दिनँ ।

***सदा विजयी होऔँ !***

***मातृभूमि वा मृत्यु !***

***मेरो क्रान्तिकारी अभिवादन***

***चे***

क्रान्तिकारीहरूलाई क्रूर व्यक्ति, असंवेदनशील, भावना नभएको भनी सोच्नेहरूले यो पत्रमा एक क्रान्तिकारी आत्मामा हुनुपर्ने सारा भावना, सम्पूर्ण संवेदनशीलता र पूर्ण पवित्रता पाउन सक्छन् ।

यो पत्रप्रतिको हाम्रो जवाफ छ -

चे ग्वेभारा, हामीलाई जिम्मेवारीले सचेत बनाएको होइन हामी क्रान्तिप्रति जिम्मेवार छौँ । हाम्रो क्षमताले भ्याएसम्म क्रान्तिकारी आन्दोलनलाई सहयोग गर्नु हाम्रो जिम्मेवारी हो र हामी ती जिम्मेवारी, परिणाम र खतरा उठाउन तयार छौँ । ७ वर्षदेखि हामीले यस्तो परिस्थितिको सामना गर्दै आएका छौँ । साम्राज्यवादको अस्तित्व रहेसम्म शोषित र उपनिवेशी जनता रहेसम्म हामी यस्ता खतराहरू उठाउनेछौँ तथा धैर्यपूर्वक सो जिम्मेवारीलाई पूरा गर्दै जानेछौँ ।

ती कामरेडहरूको भावनाहरूको सम्मान गर्नु र पूरा गर्नु, त्यो स्वतन्त्रता र अधिकारको सम्मान गर्नु हाम्रो कर्तव्य हो । त्यही नै साँचो स्वतन्त्रता हो, सिक्रीहरू लाड्न खोज्नेहरूको जस्तो त्यो स्वतन्त्रता होइन । तर, त्यो स्वतन्त्रता दासत्वको सिक्रीविरुद्ध राइफल उठाउनेहरूको स्वतन्त्रता हो ।

यही नै हाम्रो क्रान्तिले घोषणा गरेको अर्को स्वतन्त्रता हो, राष्ट्रपति जोन्सन । साम्राज्यवादीहरूसँग बस्न क्युवा छाड्न चाहनेहरूका लागि भियतनाम र कङ्गोमा पठाउन साम्राज्यवादीहरूले भर्ना गर्ने व्यक्तिहरू क्युवा छोड्न चाहन्छन् भने छाड्न सक्छन् । एउटा कुरा सबैलाई ज्ञात होस् यो देशका हरेक नागरिकले जब साम्राज्यवादीहरूको पक्षमा नभई क्रान्तिकारीहरूको पक्षमा लड्ने अनुरोध गर्दछ भने क्रान्तिले तिनीहरूलाई ज्ञान दिन निषेध गर्नेछैन । यो एउटा स्वतन्त्र देश हो ।

यही नै एउटामात्र पत्र होइन । यो पत्रबाहेक हामीसँग अन्य धेरै पत्रहरू छन्, विभिन्न कामरेडहरू, उनका बालबच्चा, उसका अभिभावक र अन्य कामरेडहरूलाई सम्बोधन गरिएका धेरै पत्रहरू छन् । हामी ती पत्रहरू ती कामरेडहरू नातेदारहरूलाई पुऱ्याउनेछौँ तथा क्रान्तिको लागि योगदान गर्न अनुरोध गर्नेछौँ किनभने ती दस्तावेजहरू इतिहासको एक भाग हुन योग्य छन् ।

यानले हरेक कुराको वर्णन गर्छ भन्ने हामी विश्वास गर्छौं । यसलाई वर्णन गर्नेहरूको जिम्मेवारी थियो । बाँकी सबै कुरा हाम्रा शत्रुहरू नै जान्छन् । हामीसँग धेरै कामहरू छन्, हाम्रो देशमा र विश्वमा गर्नुपर्ने हाम्रो धेरै धेरै कर्तव्यहरू पूरा गर्न बाँकी छन् । हामी ती सबै पूरा गर्नेछौँ ।

***स्रोत : चे, फिडेल क्यास्ट्रोको संस्मरण***

# गाजाको युद्धले गहिरिँदै गएको इजरायलीको असुरक्षा



सेडेरोट, इजरायल, २१ असोज (एपी)। गाजामा भएको ठूलो विनाशलाई विश्वका धेरै मानिसले मानवीय त्रासदीका रूपमा हेर्दै आएका छन्। तर, सन् २०२३ अक्टोबर ७ मा हमास नेतृत्वको आक्रमणबाट प्रभावित धेरै इजरायलीका लागि गाजा अझै पनि सुरक्षा खतरा र डरको प्रतीक बनेको छ। इजरायलको गाजासँग नजिकै रहेको सेडेरोट सहरबाट बेइत हानुन क्षेत्र स्पष्ट रूपमा देखिन्छ। त्यहाँका धेरै भवन युद्धका कारण ध्वस्त भएका छन्। भग्नावशेषबिच केही भवनहरू मात्र बाँकी छन् भने वरपरको क्षेत्रमा इजरायली सेनाको गतिविधि देखिन्छ।

सेडेरोटमा केही इजरायलीहरू पर्यटकले प्रयोग गर्ने दूरबिनमार्फत गाजाको अवस्था हेर्न पुग्ने गरेका छन्। उनीहरू केही समय गाजातर्फ हेरेर त्यहाँको अवस्था नियाल्छन्। एपीका अनुसार, केही व्यक्तिले गाजामा भएको विनाशप्रति सकारात्मक प्रतिक्रिया पनि जनाएका छन्।

सन् २०२३ अक्टोबर ७ मा हमास नेतृत्वका लडाकुहरूले दक्षिणी इजरायलमा आक्रमण गर्दा करिब १,२०० जनाको मृत्यु भएको थियो भने २५१ जनालाई बन्धक बनाइएको थियो। त्यस घटनापछि इजरायल र हमासबिच लामो र विनाशकारी युद्ध सुरु भएको थियो। पछि युद्धविराम भए पनि स्थिति पूर्ण रूपमा सामान्य हुन सकेको छैन।

अक्टोबर ७ को घटनाले इजरायलका सीमावर्ती समुदायमा गहिरो मानसिक असर पारेको छ। गाजासँग जोडिएका क्षेत्रमा बसोबास गर्ने धेरै मानिसका लागि त्यो दिनको सम्झना अझै पनि दैनिक जीवनको हिस्सा बनेको छ।

गाजासँग समानान्तर रूपमा रहेको राजमार्गका विभिन्न स्थानमा अक्टोबर ७ को घटनामा मारिएका मानिसहरूको सम्झनामा स्मारकहरू बनाइएका छन्। हमलाका क्रममा भाग्ने क्रममा गोली लागेका मानिसका क्षतिग्रस्त तथा गोलीका निशान भएका गाडीहरू पनि सुरक्षित राखिएका छन्।

त्यसदिन ज्यान गुमाएका महिला सैनिक पर्यवेक्षकहरूको तस्बिर पनि विभिन्न स्थानमा राखिएका छन्। उनीहरूले सम्भावित हमलाबारे पहिले नै चेतावनी दिएको भए पनि ती चेतावनीलाई पर्याप्त रूपमा ध्यान नदिइएको एपीले जनाएको छ।

अक्टोबर ७ को हमलापछि इजरायलमा सुरक्षा र भविष्यप्रतिको चिन्ता बढेको छ। विशेषगरी आक्रमणबाट प्रत्यक्ष प्रभावित समुदायमा गाजाप्रतिको डर र अविश्वास अझै बलियो देखिन्छ।

उता, गाजामा युद्धका कारण ठूलो मानवीय सङ्कट र व्यापक विनाश भएको छ। त्यसैले एउटै युद्धलाई लिएर इजरायली र प्यालेस्टिनी समुदायले फरक-फरक पीडा, डर र अनुभव बोकेका छन्।

# अमेरिकाको पेन्सिलभेनियामा दादुराका सङ्क्रमित एक हजार नाघे, पाँच जनाको मृत्यु

लस एन्जलस, २१ असोज (सिन्हवा)। अमेरिकाको पेन्सिलभेनिया राज्यमा सन् २०२६ मा दादुराका पुष्टि भएका सङ्क्रमितको सङ्ख्या एक हजार नाघेको छ। राज्यका स्वास्थ्य अधिकारीहरूका अनुसार प्रकोपका कारण हालसम्म ५ जनाको मृत्यु भएको छ भने १९८ जना अस्पताल भर्ना भएका छन्। यो पछिल्लो तीन दशकभन्दा बढी समययताकै राज्यमा देखिएको सबैभन्दा ठूलो दादुरा प्रकोप हो।

पेन्सिलभेनिया स्वास्थ्य विभागका अनुसार सोमबारसम्म राज्यका ३९ काउन्टीमा एक हजार ४ जनामा दादुरा सङ्क्रमण पुष्टि भएको छ। अक्टोबर २ पछि मात्रै थप २७ नयाँ सङ्क्रमित भेटिएका छन्। यो प्रकोप अप्रिलको अन्त्यतिर सुरु भएको थियो।

पुष्टि भएका सङ्क्रमितमध्ये चार जनामात्रै दादुरा, गलगाँड र रुबेला (एमएमआर) विरुद्धको खोप लगाएका व्यक्ति रहेका छन्। यो कुल सङ्क्रमितको १ प्रतिशतभन्दा कम हो।

प्रकोप बढेसँगै पेन्सिलभेनियामा एमएमआर खोप लगाउनेको सङ्ख्या पनि उल्लेख्य रूपमा बढेको छ। राज्यमा सामान्यतया एक महिनामा करिब २५ हजार डोज एमएमआर खोप दिइने भए पनि अगस्टमा ४९ हजारभन्दा बढी र सेप्टेम्बरमा ५३ हजारभन्दा बढी डोज दिइएको स्वास्थ्य विभागले जनाएको छ। पेन्सिलभेनिया स्वास्थ्य विभागका अनुसार दादुराबाट जोगिने सबैभन्दा प्रभावकारी उपाय पूर्ण खोप हो। एमएमआर खोपको दुई डोजले जीवनभर करिब ९७ प्रतिशत सुरक्षा प्रदान गर्ने विभागले जनाएको छ।

**न्यूयोर्कमा पनि दादुरा सङ्क्रमण बढ्दै**

बढ्दो प्रकोपलाई ध्यानमा राख्दै न्यूयोर्क राज्यकी गभर्नर क्याथी होकुलले सोमबार राज्यमा विपद् आपत्काल घोषणा गर्नुभएको छ।

राज्य सरकारका अनुसार अक्टोबर ३ सम्म न्यूयोर्कमा यस वर्ष १०८ दादुरा सङ्क्रमित पुष्टि भएका छन्। तीमध्ये ९२ वटा सङ्क्रमण जुलाई १५ पछि १८ वटा ग्रामीण काउन्टीमा देखिएका हुन्। ती क्षेत्रमा खोपको पहुँच वा खोप लगाउने दर कम रहेका समुदायहरू छन्। न्यूयोर्क सरकारले यस वर्ष राज्यमा देखिएको दादुरा सङ्क्रमण सामान्य अवस्थाको तुलनामा उल्लेख्य रूपमा बढेको र विशेषगरी जुलाई १५ पछि वृद्धि तीव्र भएको जनाएको छ। यसलाई महत्त्वपूर्ण सार्वजनिक स्वास्थ्य चुनौतीका रूपमा लिइएको छ।

अमेरिकामा सन् १९९१ यताकै खराब अवस्था

अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडीसी) का अनुसार अक्टोबर १ सम्म अमेरिकाभरि तीन हजार हजार ८८७ जना दादुराका सङ्क्रमित पुष्टि भएका छन्। सीडीसीका अनुसार सन् २०२६ मा देखिएको यो सङ्क्रमण सन् १९९१ यताकै उच्च हो। दादुरा अत्यन्तै सङ्क्रामक रोग भएकाले स्वास्थ्य अधिकारीहरूले पूर्ण खोपलाई सङ्क्रमणबाट बच्ने प्रमुख उपायका रूपमा जोड दिएका छन्।

# नोबेल शान्तिमा ट्रम्पको कालो छाया

ओस्लो, २१ असोज (एएफपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प यस वर्ष नोबेल शान्ति पुरस्कारका बलिया दावेदार नदेखिए पनि उनको प्रभाव शुक्रबार ओस्लोमा हुने पुरस्कार घोषणामा पर्ने विज्ञहरूले बताएका छन्। ट्रम्पले लामो समयदेखि पुरस्कार प्राप्त गर्न अभियान चलाउँदै आएका र पुरस्कार नपाएकोमा असन्तुष्टि व्यक्त गर्दै आएकाले समितिको निर्णयलाई उनको नीतिको समर्थन वा आलोचनाका रूपमा हेरिन सक्ने उनीहरूको भनाइ छ।

ओस्लोस्थित शान्ति अनुसन्धान संस्था (पिआरआईओ) का प्रमुख हाकोन जेर्लोले समितिले पुरस्कार दिँदा त्यसबाट शान्तिमा फाइदा पुग्ने वा उल्टै हानि हुने भन्ने विषय विचार गर्नुपर्ने बताउनुभएको छ। तर नर्वेजियन नोबेल इन्स्टिच्युटका सचिव क्रिस्टियन बर्ग हार्पभिकेनले पुरस्कारका लागि हुने लबिङ सामान्य विषय भएको र त्यसले समितिको निर्णय प्रभावित नगर्ने स्पष्ट पार्नुभएको छ।

गत वर्षको नोबेल शान्ति पुरस्कार शान्तिका निम्ति कुनै योगदान नभएकी भेनेजुयलाकी विपक्षी नेता मारिया कोरिना मचाडोलाई प्रदान गरिएको थियो। मचाडोले आफ्नो नोबेल स्वर्ण पदक ट्रम्पलाई दिएको भए पनि उनबाट अपेक्षित राजनीतिक समर्थन प्राप्त गर्न नसकेको उल्लेख गरिएको छ।

यस वर्ष बालअधिकार र मानवीय सेवामा सक्रिय संस्था वा व्यक्तिलाई पुरस्कार दिन सकिने चर्चा छ। 'सेभ द चिल्ड्रेन', युक्रेनी बाल अधिकार कार्यकर्ता माइकोला कुलेबा तथा सुडानमा युद्ध र भोकमरीपीडितलाई सहयोग गर्दै आएको आपत्कालीन प्रतिक्रिया कक्ष (इआरआर) सम्भावित दावेदारमा छन्। त्यसैगरी, संयुक्त राष्ट्रसङ्घका विशेष प्रतिवेदक फ्रान्सेस्का अल्बनिज, पोप लियो चौधौँ तथा अन्तर्राष्ट्रिय फौजदारी अदालत र अन्तर्राष्ट्रिय न्याय अदालतजस्ता संस्थाको नाम पनि चर्चामा छ।

यस वर्ष पुरस्कारका लागि २८७ व्यक्ति तथा संस्था मनोनयनमा परेका छन्। सन् २०२५ मा कम्तीमा एउटा राज्य पक्ष संलग्न भएका ६५ सशस्त्र द्वन्द्व दर्ता हुनु विश्वमा शान्तिको अवस्था चुनौतीपूर्ण रहेको सङ्केत हो। हार्पभिकेनले विश्व सही दिशामा अघि बढिरहेको नदेखिए पनि शान्तिका लागि काम गर्ने व्यक्ति र संस्थाको कमी नरहेको बताउनुभएको छ।

# हाइटीमा चुनाव अनिश्चितकालका लागि स्थगित

पोर्ट-अउ-प्रिन्स, २१ असोज (एएफपी)। वर्षौँदेखि गिरोह हिंसा, राजनीतिक अस्थिरता र सुरक्षा सङ्कटबाट गुज्रिरहेको हाइटीले यस वर्षको अन्त्यमा हुने भनिएको राष्ट्रपति तथा विधायी चुनाव अनिश्चितकालका लागि स्थगित गरेको छ।

अस्थायी निर्वाचन परिषद्ले मङ्गलबार चुनावी अभियानका लागि तोकिएको अवधि स्थगित गरिएको र नयाँ मिति 'सकेसम्म चाँडो' सार्वजनिक गरिने जनाएको छ। राष्ट्रपति तथा विधायी चुनावको पहिलो चरण डिसेम्बर १३ र दोस्रो चरण सन् २०२७ को फेब्रुअरी २१ मा गर्ने तय गरिएको थियो।

परिषद्का एक सदस्यले डिसेम्बर १३ को मिति कायम नरहेको पुष्टि गर्दै नयाँ समयतालिकामा काम भइरहेको बताए। उनका अनुसार मतदाता दर्ता भने जारी छ। जुलाई २० देखि मङ्गलबारसम्म करिब सात लाख ६९ हजार मतदाता दर्ता भएका छन्।

हाइटीमा सन् २०१६ यता राष्ट्रिय चुनाव हुन सकेको छैन। सन् २०२१ मा हत्या गरिएका तत्कालीन राष्ट्रपति जोभेनेल मोइजको स्थानमा समेत निर्वाचित राष्ट्रप्रमुख चयन हुन सकेको छैन। त्यसैले चुनावलाई राजनीतिक नेतृत्व पुनःस्थापना र देशमा स्थिरता कायम गर्ने महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ।

सुरक्षा सङ्कटका कारण देशभर निर्वाचन सञ्चालन गर्न कठिनाइ भएको छ। गिरोहको नियन्त्रणमा रहेका धेरै नगरपालिकामा मतदाता दर्ता केन्द्र स्थापना हुन सकेका छैनन् भने धम्कीका कारण सडक बन्द हुँदा निर्वाचन सामग्री ढुवानीमा समेत समस्या भएको छ।

अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनका अनुसार करिब एक करोड १० लाख जनसङ्ख्या रहेको हाइटीमा हिंसाका कारण करिब १५ लाख मानिस आन्तरिक रूपमा विस्थापित भएका छन्। संयुक्त राष्ट्रसङ्घका मानवअधिकार प्रमुख भोल्कर टर्कका अनुसार यस वर्ष कम्तीमा पाँच हजार सात सय मानिस मारिएका वा घाइते भएका छन् भने एक हजारभन्दा बढी महिला तथा बालिका बलात्कृत भएका छन्।

स्थानीय प्रहरीमाथिको दबाब कम गर्न संयुक्त राष्ट्रसङ्घको समर्थनमा ग्याङ सप्रेसन फोर्स (जिएसएफ) तैनाथ भइरहेको छ। पाँच हजार पाँच सय कर्मचारी परिचालन गर्ने लक्ष्य रहे पनि हालसम्म करिब एक हजार पाँच सय मात्र पुगेका छन्। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले गत महिनाको अन्त्यमा जिएसएफको कार्यादेश थप छ महिनाका लागि विस्तार गर्दै स्वतन्त्र तथा निष्पक्ष चुनावका लागि अनुकूल सुरक्षा वातावरण सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ।

# लियोनेल मेस्सीको भावुक अन्तर्राष्ट्रिय बिदाइ

ब्युनस आयर्स, २१ असोज (एएफपी)। अर्जेन्टिनाका महान् फुटबल खेलाडी लियोनेल मेस्सीले मङ्गलबार राष्ट्रिय टोलीबाट भावुक बिदाइ लिनुभएको छ। ब्युनस आयर्सस्थित मोनुमेन्टल स्टेडियममा ८५ हजार समर्थकमाझ बेनिनलाई ३-० ले पराजित गर्दै उहाँले २१ वर्ष लामो अन्तर्राष्ट्रिय फुटबल यात्राको अन्त्य गर्नुभएको हो।



३९ वर्षीय मेस्सीले आफ्नो कीर्तिमानी २०८औँ अन्तर्राष्ट्रिय खेलमा १२६औँ गोल गर्दै बिदाइलाई अविस्मरणीय बनाउनुभयो। उहाँले निकोलस ओटामेन्डीको पहिलो गोलका लागि सहयोग गर्नुभयो भने निको पाजले अर्को गोल गर्नुभयो। मेस्सीले खेलको ७१औँ मिनेटमा पेनाल्टीमार्फत गोल गर्नुभएको थियो।

खेलको परिणामभन्दा मेस्सीको बिदाइ नै मुख्य आकर्षण बन्यो। 'द लास्ट ट्याङ्गो' नाम दिइएको कार्यक्रममा उहाँले समर्थकको माया र सम्मान ग्रहण गर्नुभयो। खेलपछि सम्बोधन गर्दै उहाँले २० वर्षभन्दा बढी समय अर्जेन्टिनाको जर्सी लगाएर खेल्न पाउनु आफ्नो जीवनका लागि ठूलो गौरव भएको बताउनुभयो।

"म जीवनभर खेलिरहन चाहन्छु, तर मलाई लाग्छ अब यो क्षण आएको छ। राष्ट्रिय टोलीका लागि खेल्नु आफूले पाउन सक्ने सबैभन्दा सुन्दर कुरा हो", उहाँले भन्नुभयो।

स्टेडियमतर्फ मेस्सी र उहाँका टोली साथीहरू सवार बस अघि बढ्दा समर्थकको ठूलो भीडले स्वागत गरेको थियो। त्यस क्रममा उहाँले भावुक हुँदै आँसु झार्नुभएको थियो। उहाँ आफ्ना तीन सन्तानसँगै मैदानमा प्रवेश गर्नुभयो भने पत्नी एन्टोनेला रोकुजो र आमा सेलिया कुसिट्टिनीले भिआइपी कक्षबाट उहाँलाई हात हल्लाउँदै स्वागत गर्नुभयो।

खेल सुरु हुनुअघि मैदानमा मेस्सीको १० नम्बरको जर्सीमाथि 'ग्रेसियस' अर्थात् 'धन्यवाद' लेखिएको विशाल अर्जेन्टिनी जर्सी राखिएको थियो। खेलको १०औँ मिनेटमा उहाँको जर्सी नम्बरप्रति सम्मान प्रकट गर्दै खेल केही समय रोकिएको थियो र समर्थकले एक मिनेट लामो ताली बजाएका थिए। अन्तिम सिट्ठीपछि ड्रोनमार्फत आकाशमा मेस्सीको तस्बिर देखाउँदै उहाँलाई धन्यवाद दिइएको थियो।

अन्तर्राष्ट्रिय फुटबलबाट मेस्सीको बिदाइ अर्जेन्टिनालाई २०२२ को विश्वकप जिताएर ३६ वर्ष लामो उपाधि खडेरी अन्त्य गरेको चार वर्षपछि भएको हो। उहाँको नेतृत्वमा अर्जेन्टिनाले सन् २०२१ र २०२४ मा कोपा अमेरिका उपाधिसमेत जितेको थियो। अर्जेन्टिना सन् २०१४ र २०२६ को विश्वकपमा उपविजेता बनेको थियो।

# गमलैगमलाको सहर भक्तपुर

- रेणु त्वानाबासु

हिजोआज तपाईं भक्तपुर घुम्न आउनुभयो भने एउटा फरक दृश्य देख्न सक्नुहुन्छ, त्यो हो जतातत्तै गमला र हरिया बोटबिरुवा। भक्तपुर नगरका मुख्य-मुख्य सडकदेखि गल्लीगल्लीका सडकमा पनि छेउछाउमा गमलामा फूलका बोट रोपेर राखेको जतातत्तै सजिलै देख्न सक्नुहुन्छ।

हिजोसम्म कला र संस्कृतिको सहरका रूपमा चिनिएको भक्तपुरमा आजभोलि एउटा नयाँ र पर्यावरणमैत्री पहिचान थपिँदै गएको छ। भक्तपुर नगरपालिका-७ गोल्मढीका प्रकाश मल्ल भन्नुहुन्छ, “पाइलैपिच्छे सार्वजनिक स्थलमा गमलाहरू लाइनै राखिएका छन्। सायद, एक दिन मानिसहरूले भक्तपुरलाई ‘गमलै गमलाको सहर’ भनेर चिन्नेछन्।”

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति आफूहरूले गर्न नसकिने ठुलाठुला आश्वासन दिएर जनता नझुकाउने बताउनुहुन्छ। उहाँले भन्नुभयो, “हामी जे सकिन्छ, त्यही मात्रै बोल्छौँ। यो हाम्रो काम सानो हो तर हामीलाई विश्वास छ, यो ठुलो महत्त्वको छ। यसले भविष्यमा भक्तपुर हरियो नगर बन्नेछ।” यसले सबैतिर सुन्दर देखिने उहाँको विश्वास छ। कङ्क्रिटको जङ्गलको रूपमा रहेको सहरलाई सुन्दर बनाउन यो सानो कामले ठुलो टेवा पुग्ने विश्वास उहाँको छ। यसले एकातिर सहरमै हरियो देखिन्छ भने अर्कोतिर स्वच्छ हावा पाउने उहाँको भनाइ छ।

अमेरिकी नागरिक ई.ए. पावेलले सन् १९२० तिर नेपाल भ्रमणका क्रममा भनेका थिए, “नेपालमा भक्तपुर दरबार क्षेत्रबाहेक अरू केही बाँकी रहेन भने पनि त्यसलाई हेर्नका लागि मात्रै पनि पृथ्वीको आधा चक्कर कट्नुसरह हुन्छ।” यस नगरलाई जर्मन वास्तुकलाविद् नील गोत्सोले संसारकै ठुलो जीवित सङ्ग्रहालय भनेका छन्। त्यस्तै संस्कृतिविद् जगदीशशमशेर राणाले भक्तपुरलाई ‘नाचगानको राजधानी’ को संज्ञा दिएका छन्। यो संज्ञामा अब हरियो भक्तपुर थप्ने आकाङ्क्षाले यो सानो काम गरेको नगर प्रमुख प्रजापति बताउनुहुन्छ।

भक्तपुर नगरपालिका वातावरण समितिका संयोजक एवं वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व नगरमा हरियाली कायम गर्ने उद्देश्यले सबैतिर गमला राखेर फूलका बोटहरू रोप्ने गरेको बताउनुहुन्छ। नगरपालिकाका वडा नं १ देखि १० सम्मकै सम्पूर्ण वडामा यो काम भएको उहाँ बताउनुहुन्छ।

**कुन वडामा कति ?**

ज्याख्वका अनुसार हालसम्म नगरभरि दुई हजार ६२० वटा गमला राखेर फूलका बोटहरू रोप्ने काम भइसकेको छ। वडा नं १ मा ४६५ वटा, वडा नं २ मा ४५०, वडा नं ३ मा ४६५, वडा नं ४ मा आठ वटा, वडा नं ५ मा २६५ वटा, वडा नं ६ मा १६० वटा, वडा नं ७ मा २५० वटा, वडा नं ८ मा १२ वटा, वडा नं ९ मा ३०० वटा र वडा नं १० मा २२५ वटा गमला राखेर फूलका बोटहरू रोपिसकिएको जानकारी उहाँले गराउनुभयो।

वडा नं ६ का वडाध्यक्ष डा. हरिराम सुवालले आफ्नो वडामा मात्रै ५००/६०० गमला राख्ने योजना रहेको र यसका लागि गमला बनाउन दिइरहेको जानकारी गराउनुभयो। भक्तपुरमा ठाउँठाउँमा राखेका गमलाहरू रामचन्द्र अवाल र न्हुच्छेकुमार अवालले बनाउँदै आएको उहाँले जानकारी दिनुभयो।

**कहाँकहाँ राखिएको छ ?**

विशेषगरी सम्पदा तथा पर्यटकीय क्षेत्रहरू, सडक किनार तथा डिभाइडरहरू, सार्वजनिक भवन तथा कार्यालय परिसर, सांस्कृतिक प्रदक्षिणा मार्गहरूलगायतका क्षेत्रमा गमला राखेर हरियाली बनाइएको छ। सम्पदा तथा पर्यटकीय क्षेत्रहरूअन्तर्गत विश्व सम्पदा सूचीमा सूचीकृत भक्तपुर दरबार आसपासका क्षेत्रहरू, दत्तात्रय क्षेत्र र टौमढी जाने प्रमुख पर्यटकीय मार्गहरूमा गमलाहरू राखिएका छन्।

वडा नं ७ का वडाध्यक्ष उकेश कवांले सडक किनारमा नगरपालिकाभित्र पर्ने मुख्य सडकका किनारहरू, चोकहरू र पैदलयात्री हिँड्ने फुटपाथका छेउहरूमा गमला राखेर हरियाली गर्ने योजना सुरु गरिएको बताउनुभयो। त्यस्तै सार्वजनिक भवन तथा कार्यालय परिसरअन्तर्गत भक्तपुर नगरपालिका कार्यालय परिसर, वडा कार्यालयहरू र नगरपालिकाद्वारा सञ्चालित विद्यालय तथा ख्वप अस्पताल वरपर गमला राखिएका छन्। त्यस्तै, सांस्कृतिक प्रदक्षिणा मार्गहरूअन्तर्गत विशेष चाडपर्व (जस्तै गुन्हीपुन्ही/सापारु) मनाइने परम्परागत सांस्कृतिक सडक मार्गहरूलाई सजाउन अस्थायी वा स्थायी रूपमा गमलाहरू राख्दै आएको वडाध्यक्ष कवांले बताउनुभयो।

**स्याहार चाहिँ कसले गर्छ ?**

नगरपालिका र वडा कार्यालयको सक्रियतामा राखिएका गमला र फूलको स्याहार, संरक्षण तथा हेरचाह भने स्थानीयले गर्ने उहाँले बताउनुभयो। बिरुवा रोप्ने काम नगरपालिका वा वडाको तर त्यसलाई स्याहार्ने काम वडावासीहरूले आफैँ गर्ने उहाँले सुनाउनुभयो। “नगरवासी आफैँले आफ्नो घरअगाडिको रुखबिरुवा हुर्काउने, बिरुवाको हेरविचार गर्ने, पानी दिनेलगायतका काम स्थानीयस्तरमा घर नजिक भएका स्थानीयबाट नै हुँदै आएको छ”, अध्यक्ष उकेश कवां भन्नुहुन्छ, “यसले अपनत्व पनि बढ्छ र बोटबिरुवा पनि बाँच्छन्।”

नगरपालिकाले नगरलाई हरित, स्वच्छ र सुन्दर बनाउने अभियानअन्तर्गत यो कार्य भइरहेको उहाँले बताउनुभयो। नगरपालिकाले वडा नं १ देखि १० सम्ममै यो अभियान सुरु गरेको भन्दै यही काम आफ्नो वडामा पनि सम्पन्न भइसकेको जानकारी उहाँले गराउनुभयो। फूल रोपेका गमला माटोको नभई सिमेन्टका तयार पारिएका छन्। चोरी हुने सम्भावना भएकाले सार्वजनिक स्थलमा सिमेन्टका चारपाटे आकारका गमला राखेको वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले बताउनुभयो।

**हामी स्याहाछौँ हाम्रो बोटबिरुवा**

भक्तपुर नगरपालिका-७ का स्थानीय सुलोचना किसीले भक्तपुरलाई हरियाली तथा वातावरण संरक्षण प्रवर्द्धनका लागि भक्तपुरको यो कदम उदाहरणीय रहेको बताउनुहुन्छ। यही कारण आफ्नो वडामा भएको यो कार्यक्रममा आफूले पनि भाग लिएको उहाँले सम्झनुभयो। वडामा याताटोलदेखि गोल्मढीको गणेश मन्दिरसम्म गमलामा बिरुवा रोप्ने कार्य भएको उहाँले बताउनुभयो। अर्की नगरवासी मोहनकेशरी ग्वाछ्वाले आफ्नो घरको पेटीमा आफैँले फूल रोप्नुपर्ने ठाउँमा वडा र नगरपालिकाले राखिदिएकोमा खुसी व्यक्त गर्नुभयो। हरेक घरको पेटीमा फूल रोपेको देख्दा एकदम खुसी भएको उहाँले बताउनुभयो। अब यी फूलहरू फुल्ने बेला टोल बगैँचाजस्तै हुने भयो, उहाँले भन्नुभयो। अर्का स्थानीय युवा प्रकाश मल्लले पाइलैपिच्छे सार्वजनिक स्थलमा गमलाहरू लाइनै रहेकाले एक दिन भक्तपुरलाई गमलै गमलाको सहर भनेर चिन्ने भन्दै खुसी व्यक्त गर्नुभयो।

**फेरिएला भक्तपुरको परिचय ?**

भक्तपुरको हरेक चोक र गल्ली कलाका उत्कृष्ट नमुना हुन्। विश्व सम्पदा सूचीमा सूचीकृत भक्तपुर दरबार क्षेत्रमा रहेका प्रसिद्ध ५५ झ्याले दरबार, कलात्मक सुनौलो ढोका (लुँध्वाखा) र नेपालकै सबैभन्दा अग्लो पाँचतले (ङातापोल्हँ) देवल यहाँको इन्जिनियरिङ र काष्ठकलाका जिउँदा इतिहास हुन्। ढुङ्गा र काठका प्रत्येक टुक्रामा कुँदिएका देवीदेवताका मूर्तिहरूले मल्लकालीन भव्यताको कथा भनिरहेका लाग्छन्।

भक्तपुर केवल पुराना भवनहरूको सहर होइन, यो एउटा ‘जीवित सम्पदा’ हो। यहाँ वर्षैभरि विभिन्न जात्रा र चाडपर्व मनाइन्छन्। नयाँ वर्षको आगमनसँगै सुरु हुने भव्य बिस्का जात्रा, सापारु (गाईजात्रा) र गल्ली-गल्लीमा गुञ्जने परम्परागत दाफा भजन तथा नवदुर्गा नाचले यो सहरलाई सधैँ उत्सवमय बनाइराख्छन्। स्थानीय निर्वाचनपछि २०७४-७९ सालसम्म पाँचतले मन्दिर, भैरवनाथ मन्दिरजस्ता महत्त्वपूर्ण सम्पदाको जीर्णोद्धारका साथै पाटी, ढुङ्गेधारा, सत्तल, इनार, पोखरी गरी १२४ वटाभन्दा बढी सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धार सम्पन्न भए। २०७९ सालमा दोस्रो पटकको स्थानीय निर्वाचनपछि पनि जनप्रतिनिधिहरूले उक्त कार्यलाई निरन्तरता दिइरहे। भाज्या पोखरी, रानी पोखरी, लक्ष्मीनरसिंह मन्दिरजस्ता महत्त्वपूर्ण सम्पदाको काम पछिल्लो कार्यकालमा सम्पन्न भएका हुन्।

दुई कार्यकालमा गरी अहिलेसम्म मूर्त सम्पदाअन्तर्गत मठ, मन्दिर, ढुङ्गेधारा, पोखरी, सत्तल, पाटीलगायत १८५ वटा सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धार सम्पन्न भइसकेका छन् भने डेढ दर्जनजति सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धार भइरहेको छ। छिट्टै नै ती पनि सम्पन्न हुने क्रममा छन्। भक्तपुरको परिचय अहिलेसम्म कला र संस्कृतिको जीवन्त नगर हो। जुजु धौ (दही), भादगाउँले टोपी यहाँको चिनारी हो। यी र यस्तै चिनारीमा अर्को थप चिनारी थप्ने पछिल्लो प्रयास हो ‘हरियो नगर’। ***रासस***

---

**समाजवादको...**

अल्बानियाले फासीवादी इटालियन र जर्मन सेनालाई कुनै विदेशी सेनाको प्रत्यक्ष उपस्थितिबिना पराजित गरी सन् १९४६ मा समाजवाद स्थापना गऱ्यो। अल्बानियाले पहिले युगोस्लाभ, पछि सोभियत र अन्ततः चिनियाँ संशोधनवादको समेत विरोध गर्दै कट्टर मार्क्सवादी-लेनिनवादी धार समात्यो। तर, चरम बाह्य अलगाव, आर्थिक जडता र होक्जाको निधनपछि आन्तरिक सङ्कट गहिरियो र अन्ततः सन् १९९१-९२ मा त्यहाँ पनि पुँजीवादी बहुदलीय व्यवस्था पुनर्स्थापना भयो।

**९. युगोस्लाभिया**

मार्शल जोसिप ब्रोज टिटोको नेतृत्वमा नाजीहरूलाई आफैँ लडेर परास्त गरेको युगोस्लाभियाले सोभियत ढाँचाभन्दा फरक ‘श्रमिक स्व-व्यवस्थापन’ को मौलिक बाटो रोज्यो। टिटोले असंलग्न आन्दोलनको नेतृत्व गरे पनि अर्थतन्त्रमा पश्चिमा वित्तीय संस्थाहरूको ऋण र बजार विकृति भित्रियो, जसले विभिन्न गणतन्त्रहरूबिच आर्थिक असमानता जन्मायो।

टिटोको मृत्युपछि साम्राज्यवादी शक्तिहरू (विशेष गरी जर्मनी र अमेरिका) ले जातीय र धार्मिक द्वेष भड्काए। सन् १९९० को दशकमा भयानक गृहयुद्ध र नाटोको बर्बर बमबारीमार्फत युगोस्लाभियालाई सर्बिया, क्रोएसिया, बोस्निया, स्लोभेनियाजस्ता टुक्रामा विभाजित गरी समाजवाद नामेट पारियो।

**१०. मङ्गोलिया**

सन् १९२४ मा दामदिन सुख्बातारको नेतृत्वमा सामन्ती धार्मिक सत्तालाई परास्त गरी सोभियत सङ्घपछिको विश्वको दोस्रो समाजवादी राज्य बनेको मङ्गोलिया जनगणतन्त्रले फिरन्ते पशुपालक समाजबाट आधुनिक शिक्षा, स्वास्थ्य र उद्योगको विकास गऱ्यो।

मङ्गोलियाको अर्थतन्त्र र राजनीति सोभियत सङ्घसँग गहिरो रूपमा जोडिएको थियो। त्यसैले सन् १९९० मा सोभियत सङ्घमा आएको राजनीतिक भूकम्पको प्रत्यक्ष प्रभाव मङ्गोलियामा पऱ्यो र शान्तिपूर्ण प्रदर्शनहरूको दबाबमा परेर पार्टीले समाजवाद त्यागी पुँजीवादी बजार व्यवस्था अपनायो।

**११. अफगानिस्तान**

सन् १९७८ को ‘सौर क्रान्ति’ मार्फत पिपुल्स डेमोक्रेटिक पार्टी अफ अफगानिस्तानले सत्ता लिएर प्रजातान्त्रिक गणतन्त्र स्थापना गऱ्यो। नूर मोहम्मद ताराकी र पछि नजिबुल्लाहको नेतृत्वमा सामन्ती भूस्वामित्व अन्त्य, महिला अधिकार, निःशुल्क शिक्षा र साक्षरताको ऐतिहासिक अभियान सुरु गरियो।

तर, अमेरिकी साम्राज्यवादले साउदी अरब र पाकिस्तानसँग मिलेर सामन्ती र धार्मिक अतिवादी ‘मुजाहिद्दीन’ हरूलाई अर्बौं डलरका हतियार दियो। सोभियत सेनाको फिर्तीपछि पनि नजिबुल्लाह सरकारले केही वर्ष वीरतापूर्वक प्रतिरोध गऱ्यो, तर सन् १९९२ मा सरकार ढालियो र अफगानिस्तानलाई भयानक गृहयुद्ध तथा धार्मिक अन्धकारमा धकेलियो।

**१२. दक्षिण येमेन**

अरब प्रायःद्वीपको एकमात्र मार्क्सवादी-लेनिनवादी राज्यका रूपमा सन् १९६७ मा बेलायती उपनिवेशवाद र सामन्ती सुल्तानहरूलाई परास्त गरी दक्षिण येमेनको जन्म भयो। यसले कट्टरपन्थी अरब संसारको बिचमा रहेर महिला मुक्ति, धर्मनिरपेक्षता, निःशुल्क शिक्षा र स्वास्थ्य तथा भूमिसुधारको ऐतिहासिक काम गऱ्यो। तर, सोभियत सङ्घको पतनसँगै आर्थिक सहारा गुम्नु र आन्तरिक गुटबन्दीका कारण सन् १९९० मा यसले पुँजीवादी उत्तर येमेनसँग एकीकरण गऱ्यो, जसको परिणामस्वरूप त्यसपछि भएका गृहयुद्धहरूमा समाजवादी उपलब्धिहरू पूर्ण रूपमा मेटाइए।

**१३. इथियोपिया**

सन् १९७४ मा सम्राट हेल सेलासीको शताब्दीयौँ पुरानो सामन्ती शासन अन्त्य गरी मेंगिस्तु हेइले मारियामको नेतृत्वमा ‘डर्ग’ सैन्य परिषद्ले मार्क्सवादी-लेनिनवादी जनगणतन्त्र घोषणा गऱ्यो। यसले जमिनको राष्ट्रियकरण र साक्षरतामा ठुलो प्रगति गरे पनि लामो समय चलेको खडेरी, सोमालियासँगको युद्ध र एरिट्रियाली पृथकतावादी द्वन्द्वका कारण देश आर्थिक रूपमा जर्जर बन्यो। सन् १९९१ मा सोभियत सहयोग रोकिएपछि पश्चिमा समर्थित विद्रोही गठबन्धनले मेंगिस्तु सरकारलाई अपदस्थ गऱ्यो।

**१४. अङ्गोला**

पोर्चुगाली उपनिवेशवादविरूद्ध लामो सशस्त्र सङ्घर्ष गरेर अगस्टिनो नेटोको नेतृत्वमा MPL ले सन् १९७५ मा अङ्गोलालाई स्वतन्त्र बनाई मार्क्सवादी-लेनिनवादी राज्य घोषणा गऱ्यो। तर, अमेरिकी साम्राज्यवाद र दक्षिण अफ्रिकाको रङ्गभेदी सत्ताले जोनास साविम्बीको रुयुनिटा’ विद्रोही समूहलाई प्रयोग गरी भयानक गृहयुद्ध थोपऱ्यो।

क्युवाली सेनाको ऐतिहासिक सहयोगमा अङ्गोलाले रङ्गभेदी सेनालाई पराजित गरे पनि दशकौँ लामो युद्धले अर्थतन्त्र ध्वस्त बनायो। अन्ततः सन् १९९२ मा MPL ले बहुदलीय चुनाव स्वीकार गर्दै समाजवाद परित्याग गऱ्यो।

**१५. मोजाम्बिक**

सन् १९७५ मा समोरा मासेलको नेतृत्वमा FRELIMO ले पोर्चुगालबाट स्वतन्त्रता प्राप्त गरी वैज्ञानिक समाजवादको बाटो लियो। मोजाम्बिकले शिक्षा, स्वास्थ्य र कृषिको सामाजिकीकरणमा तीव्रता दियो र जिम्बाब्वे तथा दक्षिण अफ्रिकाका मुक्ति आन्दोलनहरूलाई आश्रय दियो।

यसको बदला लिन रोडिसिया र दक्षिण अफ्रिकाको गोरा शासकहरूले रिनामो नामक आतङ्कवादी समूह खडा गरी देशमा बर्बर गृहयुद्ध चलाए। सन् १९८६ मा समोरा मासेलको रहस्यमय विमान दुर्घटनामा मृत्यु भएपछि आर्थिक सङ्कटका कारण सन् १९९० मा मोजाम्बिकले मार्क्सवाद-लेनिनवाद परित्याग गऱ्यो।

**१६. कम्बोडिया**

सन् १९७५ मा पोल पोलको नेतृत्वमा रहेको खमेर रुजले अमेरिकी समर्थित लोन नोल सत्तालाई परास्त गरी सत्ता कब्जा गऱ्यो। तर, पोल पोल गुटले मार्क्सवादको घोर विकृत, गैर-भौतिकवादी र अतिवादी रूप (‘कृषि काल्पनिक समाजवाद’) लागू गऱ्यो, जसले सहरहरू खाली गराउने र लाखौँ नागरिकको संहार गर्ने त्रासदी निम्त्यायो।

सन् १९७९ मा भियतनामी सेनाको सहयोगमा बनेको जनगणतन्त्र कम्बोडियाले देशलाई नरसंहारबाट मुक्त गरी समाजवादी पुनर्संरचनाको प्रयास गऱ्यो, तर पश्चिमी शक्तिहरूले खमेर रुजलाई नै समर्थन गरेर गृहयुद्ध लम्ब्याए। सन् १९८९ मा भियतनामी सेना फर्केपछि शान्ति सम्झौतामार्फत राजतन्त्र र पुँजीवाद पुनर्स्थापना भयो।

**(ग) अपदस्थ समाजवादी प्रयासहरू**

विश्व इतिहासमा त्यस्ता क्रान्तिकारी उभारहरू पनि रहे, जसले लामो समय राज्य सञ्चालन गर्न नपाए पनि सर्वहारावर्गको मुक्ति आन्दोलनलाई अमूल्य सैद्धान्तिक तथा व्यावहारिक पाठहरू प्रदान गरे। यी प्रयासहरू साम्राज्यवादी क्रूरता र सैनिक कूपमार्फत रक्तपातपूर्ण ढङ्गले दबाइए।

**१. पेरिस कम्युन (फ्रान्स, १८७१)**

पेरिस कम्युन मजदुरवर्गले आफ्नै राज्यसत्ता स्थापना गरेको मानव इतिहासकै पहिलो गौरवशाली अनुभव थियो। फ्रान्स-प्रसिया युद्धको सङ्कटका बिच पेरिसका मजदुरहरूले सत्ता हातमा लिएर ७२ दिनसम्म संसारकै पहिलो सर्वहारा राज्य सञ्चालन गरे। कम्युनले स्थायी सेनाको खारेजी, जनताद्वारा निर्वाचित प्रतिनिधिहरूलाई जुनसुकै बेला फिर्ता बोलाउन पाउने अधिकार, मजदुरको औसत ज्याला बराबर अधिकारीहरूको तलब र धर्म निरपेक्षताजस्ता नियमहरू लागू गऱ्यो।

कार्ल मार्क्सले ‘फ्रान्समा गृहयुद्ध’ मा विश्लेषण गरेझैँ, कम्युनले पुरानो बुर्जुवा राज्य संयन्त्रलाई जस्ताको तस्तै कब्जा गरेर आफ्नो हितमा चलाउन सकिँदैन, बरु त्यसलाई चकनाचुर पार्नुपर्छ भन्ने पाठ सिकायो। कम्युनले फ्रान्सको केन्द्रीय बैङ्क कब्जा नगर्नु र भर्साइलसमा रहेका प्रतिक्रान्तिकारीहरूमाथि तुरुन्तै निर्णायक सैन्य हमला नगर्नु रणनीतिक कमजोरी बन्यो, जसको फाइदा उठाएर बुर्जुवा सेनाले ३० हजारभन्दा बढी कम्युनार्डहरूको कत्लेआम गरी कम्युनलाई रगतमा डुबायो।

**२. हङ्गेरियन सोभियत गणतन्त्र (१९१९)**

प्रथम विश्वयुद्धको अन्त्य र अक्टोबर क्रान्तिको लहरका बिच सन् १९१९ मार्चमा बेला कुनको नेतृत्वमा हङ्गेरीमा सोभियत गणतन्त्र घोषणा गरियो। यो सोभियत सङ्घबाहिर युरोपमा स्थापित पहिलो कम्युनिस्ट सत्ता थियो। यसले उद्योग, बैङ्क र ठुला जमिनहरूको राष्ट्रियकरण गऱ्यो र आठघण्टे कार्यदिन लागू गऱ्यो।

तर, सामाजिक-प्रजातान्त्रिकहरूसँग गरिएको अराजनीतिक सम्झौता, किसानहरूलाई जमिन वितरण नगरी सिधै राज्य नियन्त्रणमा लैजाने सैद्धान्तिक त्रुटि र रोमानियाली साम्राज्यवादी सेनाको प्रत्यक्ष आक्रमणका कारण यो क्रान्तिकारी सत्ता १३३ दिनमै ढल्यो र हङ्गेरीमा श्वेत आतङ्क सुरु भयो।

**३. चिली (१९७०-१९७३)**

ल्याटिन अमेरिकामा निर्वाचनको माध्यमबाट शान्तिपूर्ण रूपमा समाजवाद निर्माण गर्ने ऐतिहासिक प्रयोग साल्भाडोर एलेन्डेको नेतृत्वमा भएको थियो। ‘पपुलर युनिटी’ गठबन्धनमार्फत राष्ट्रपति बनेका एलेन्डेले तामा खानीहरूको राष्ट्रियकरण, भूमिसुधार र मजदुरहरूको तलब वृद्धि गरे।

तर, यो समाजवादी प्रयोगलाई अमेरिकी एकाधिकार पुँजी र बहुराष्ट्रिय कम्पनीहरूले स्वीकार गरेनन्। अमेरिकी राष्ट्रपति रिचर्ड निक्सन र हेनरी किसिन्जरको प्रत्यक्ष निर्देशनमा सीआईएले चिलीको अर्थतन्त्र अस्तव्यस्त बनायो र सेप्टेम्बर ११, १९७३ मा जनरल अगस्टो पिनोसेको नेतृत्वमा फासीवादी सैनिक कूप गरायो।

एलेन्डे राष्ट्रपतीय भवनको रक्षा गर्दै सहिद भए। त्यसपछि हजारौँ कम्युनिस्टहरूको हत्या गरियो र चिलीलाई नवउदारवादी पुँजीवादको क्रूर प्रयोगशाला बनाइयो, जसले बुर्जुवा राज्यको सेना र न्यायालयलाई नभत्काई समाजवाद सुरक्षित हुन सक्दैन भन्ने लेनिनवादी निष्कर्षलाई पुनः पुष्टि गऱ्यो।

**४. निकारागुआ (१९७९-१९९०)**

सन् १९७९ मा अगस्टो सेसार सान्दिनोको विचारबाट प्रेरित ‘सान्दिनिस्टा राष्ट्रिय मुक्ति मोर्चा’ ले अमेरिका समर्थित सोमोजाको क्रूर पारिवारिक तानाशाहीलाई सशस्त्र क्रान्तिमार्फत उखेलेर फाल्यो। सान्दिनिस्टाहरूले साक्षरता अभियान, निःशुल्क स्वास्थ्य र जमिनको पुनर्वितरणमा अभूतपूर्व काम गरे।

तर, अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले निकारागुआको समाजवादी सत्तालाई ध्वस्त पार्न ‘कन्ट्रा’ नामक भाडाका आतङ्कवादीहरूलाई आर्थिक र सैन्य सहयोग दिएर रक्तपातपूर्ण युद्ध थोपरे। एक दशक लामो नाकाबन्दी, युद्ध र आर्थिक क्षतविक्षतका बिच सन् १९९० को आम निर्वाचनमा जनता युद्धको अन्त्य चाहँदै दक्षिणपन्थी गठबन्धनतर्फ आकर्षित भए र सान्दिनिस्टाहरू पराजित भए। यद्यपि पछि उनीहरू शान्तिपूर्ण राजनीतिबाट पुनः सत्तामा फर्किए।

**५. ग्रेनाडा (१९७९-१९८३)**

क्यारेबियन टापु ग्रेनाडामा सन् १९७९ मा मौरिस बिशपको नेतृत्वमा ‘न्यू ज्वेल मुभमेन्ट’ ले रक्तपातहीन क्रान्तिमार्फत समाजवादी जनक्रान्तिकारी सरकार स्थापना गऱ्यो। बिशप सरकारले क्युवाको सहयोगमा अन्तर्राष्ट्रिय विमानस्थल, निःशुल्क स्वास्थ्य, शिक्षा र महिला अधिकारका क्षेत्रमा ठुलो फड्को माऱ्यो।

तर, पार्टीभित्र बिशप र उपप्रधानमन्त्री बर्नार्ड कोर्ड गुटबिच चरम वैचारिक तथा व्यक्तिगत विवाद चर्कियो, जसको परिणामस्वरूप सन् १९८३ अक्टोबरमा बिशपको हत्या भयो। यो आन्तरिक विभाजनको फाइदा उठाउँदै अमेरिकी सेनाले ‘अपरेसन अर्जेन्ट फ्युरी’ मार्फत ग्रेनाडामाथि प्रत्यक्ष सैन्य आक्रमण गऱ्यो र समाजवादी प्रयोगलाई पूर्ण रूपमा समाप्त पारिदियो।

**६. बुर्किना फासो (१९८३-१९८७)**

‘अफ्रिकाका चे ग्वेभारा’ मानिने थोमस साङ्काराको नेतृत्वमा सन् १९८३ मा पश्चिम अफ्रिकी मुलुक अपर भोल्टामा क्रान्ति भयो, जसको नाम बदलेर ‘इमानदार मानिसहरूको देश’ (बुर्किना फासो) राखियो। साङ्काराले साम्राज्यवादी ऋण र सहायता बहिष्कार गर्दै चार वर्षभित्रै खाद्यान्नमा देशलाई आत्मनिर्भर बनाए, २५ लाख बालबालिकालाई एकै हप्तामा खोप लगाए, महिला हिंसा र बहुविवाहविरुद्ध कडा कानुन बनाए तथा सहारा मरुभूमिको विस्तार रोक्न १ करोड रुख रोपे। उनले मन्त्रीहरूका विलासी गाडी खोसेर सबैभन्दा सस्तो गाडी चढ्न बाध्य पारे।

तर साङ्काराको यो क्रान्तिकारी उभार फ्रान्सेली नव-उपनिवेशवाद र स्थानीय दलाल पुँजीपतिहरूका लागि सह्य भएन। सन् १९८७ मा फ्रान्सको समर्थनमा उनकै निकट सहयोगी ब्लेज कम्पाओरेले साङ्काराको निर्मम हत्या गरी सैनिक कूपमार्फत प्रतिक्रान्ति सम्पन्न गऱ्यो।

**७. कङ्गो जनगणतन्त्र (१९६९-१९९२)**

अफ्रिकाको कङ्गोमा मारिएन न्गुआबीको नेतृत्वमा सन् १९६९ मा मार्क्सवादी-लेनिनवादी जनगणतन्त्र घोषणा गरियो। कङ्गोली लेबर पार्टीको नेतृत्वमा उत्पादनका साधनको राष्ट्रियकरण र सोभियत सङ्घ तथा चीनसँग घनिष्ठ सम्बन्ध कायम गरियो।

सन् १९७७ मा न्गुआबीको हत्यापछि पनि व्यवस्था जोगिए तापनि कच्चा तेलको मूल्यमा आएको गिरावट, फ्रान्सेली एकाधिकार पुँजीको निरन्तर आर्थिक दबाब र सोभियत विघटनको प्रभावले गर्दा सन् १९९२ मा देशले मार्क्सवाद परित्याग गरी बहुदलीय पुँजीवादी प्रणाली अङ्गीकार गऱ्यो।

**८. बेनिन जनगणतन्त्र (१९७५-१९९०)**

सन् १९७२ मा सत्तामा आएका म्याथ्यु केरेकुले सन् १९७५ मा बेनिनलाई मार्क्सवादी-लेनिनवादी जनगणतन्त्र घोषणा गरे। बैङ्किङ र तेल उद्योगहरूको राष्ट्रियकरण गरियो भने विद्यालयहरूमा मार्क्सवादी शिक्षा अनिवार्य गरियो।

तर, पश्चिमी अफ्रिकामा फ्रान्सेली मुद्रा नियन्त्रण, कमजोर औद्योगिक आधार र सन् १९८० को दशकको उत्तरार्द्धमा आएको गम्भीर बैङ्किङ सङ्कटले गर्दा सरकार टाट पल्टियो। अन्ततः कर्मचारीलाई तलब खुवाउन नसक्ने स्थिति आएपछि फ्रान्स र विश्व बैङ्कको दबाबमा सन् १९९० मा केरेकुले समाजवाद त्यागेर पुँजीवादी व्यवस्था पुनर्स्थापित गरे।

विश्वमा समाजवादको उदय, पतन र निरन्तरताको यो समग्र द्वन्द्वात्मक इतिहासले अन्तर्राष्ट्रिय सर्वहारावर्गलाई केही आधारभूत सैद्धान्तिक शिक्षाहरू प्रदान गरेको छ।

पहिलो, समाजवाद केवल वितरणको समानतामा टिक्न सक्दैन; जबसम्म उत्पादक शक्तिहरूको द्रुत विकास गरेर जनताको भौतिक तथा सांस्कृतिक जीवनस्तर उकासिँदैन तबसम्म पुँजीवादी उपभोक्तावादको खतरा रहिरहन्छ। चीन र भियतनामले यही ऐतिहासिक नियम आत्मसात् गरी बजार संयन्त्रलाई राज्यको कडा नियन्त्रणमा परिचालन गरेर समाजवादलाई बचाइराखे।

दोस्रो, समाजवादी राज्यको पतन बाह्य सेनाभन्दा बढी पार्टीभित्र हुर्किने नोकरशाहीकरण र संशोधनवादबाट हुन्छ। लेनिनवादी जनवादी केन्द्रीयता कमजोर हुँदा पार्टी जनताबाट काटिन्छ र बुर्जुवा वर्ग पार्टीभित्रै जन्मन्छ।

तेस्रो, प्रतिक्रियावादी शासकवर्गले स्वेच्छाले सत्ता कहिल्यै छोड्दैन; चिली र पेरिस कम्युनको अनुभवले बुर्जुवा राज्य संयन्त्रलाई नभत्काई र सर्वहारावर्गको दृढ प्रतिरक्षा प्रणाली निर्माण नगरी समाजवाद सुरक्षित हुन सक्दैन भन्ने पाठ सिकाएको छ।

आज पुँजीवाद पुनः भयानक संरचनात्मक सङ्कट, वातावरणीय विनाश, चरम असमानता र साम्राज्यवादी युद्धहरूको चक्रव्युहमा फसेको बेला बीसौँ शताब्दीका यी ऐतिहासिक अनुभवहरू एक्काइसौँ शताब्दीको वैज्ञानिक समाजवाद निर्माणका लागि अपरिहार्य मार्गदर्शक हुन्।

- लोकपाटी

# दौड प्रतियोगिता सम्पन्न : फूटसल सुरू



भक्तपुर, २१ असोज । ख्वप मा.वि., ख्वप कलेज र शारदा क्याम्पस मा.वि.मा अध्ययनरत विद्यार्थीबिच भएको दौड प्रतियोगिता बुधबार सम्पन्न भयो ।

छात्र ३००० मिटर प्रतियोगितामा विज्ञान १२ का मनिष लम्साल पहिलो, शिक्षाशास्त्र ११ का राजेस सुवेदी द्वितीय र व्यवस्थापन १२ का सुमित तमखु तृतीय भएका थिए ।

छात्रा १५०० मिटर प्रतियोगितामा विज्ञान ११ का अभिश्री खड्का प्रथम, विज्ञान ११ का स्मारिता खाइतु दोस्रो र विज्ञान ११ कै पृथुजा गोर्खाली तृतीय भएकी थिइन् ।

प्रतियोगितामा छात्रतर्फ ४६ जना र छात्रातर्फ १६ जनाले भाग लिएका थिए ।

त्यस्तै फुटसलको खेल बुधबारट सुरू भएको छ । ३५ समूहमा गरी ३५० जना विद्यार्थीले भाग लिएको फूटसलको पहिलो चरणका खेलहरू बुधबारबाट सुरू भएको छ, बिहीबार पहिलो चरणका बाँकी खेलहरू बिहान १०:०० बजेबाट सञ्चालन हुनेछन् । फूटसल प्रतियोगिता हेल्थी फूटसल इटबू, सिपाडोलमा भइरहेको छ ।





भक्तपुर नगरपालिका क्षेत्रभित्र सामुदायिक कुकुर तथा बिरालोको बन्ध्याकरण तथा रेबिजविरुद्ध खोप कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०८३/८४ को पहिलो चरणको बन्ध्याकरण कार्यक्रममा २०८३/६/२० देखि २३ गतेसम्म सञ्चालित कार्यक्रममा वडा नं. ८ र ९ का ६७ पोथी र ५२ भाले गरी जम्मा ११९ कुकुरको बन्ध्याकरण गरिएको छ । *तस्बिरः भनपा*

**कार्की...**

भदौ २३ गते Petar-१ को आदेशपश्चात् दिउसो १२:४६ बजे सञ्चार सेटबाट सङ्घीय संसद् भवन परिसरमा खटिएका कमान्डरहरूलाई निर्देशनबमोजिम काम नगरेकोले तत्काल आवश्यक कामकारबाही गर्न र सशस्त्र प्रहरी बल ( APF) लाई माथिबाट आदेश आइसकेकोले समन्वय गरी संयुक्त रूपमा बल प्रयोग गर्ने भनी आदेश दिएको देखिन्छ । निज अधिकारीको बयानमा प्रदर्शनकारीको मृत्यु भएको समाचार सञ्चार सेटबाट करिब २:३० बजे जानकारी पाएको भन्ने उल्लेख छ । महत्त्वपूर्ण स्थानमा बसी भदौ २३ गतेको आन्दोलनमा खटिएका सुरक्षाकर्मीको सञ्चालन गरिरहेको व्यक्तिले सूचना प्रणाली दुरुस्त राखी तुरुन्त परिस्थिति नियन्त्रणमा लिनुपर्नेमा "प्रदर्शनकारीहरूको मृत्यु भएको समाचार ढिला गरी प्राप्त गरेको" भन्ने भनाइले गम्भीर कमीकमजोरी रहेको देखिन्छ ।

भदौ २३ गतेका दिन TOB को गतिविधिबारे सुरुदेखि नै अनुगमन गरी उनीहरूको Movement निगरानी गरी सम्भावित जोखिम न्यून गर्न सकिन्थ्यो । त्यसप्रति कुनै अग्रसरता लिएको देखिँदैन । जिल्लाको आफ्नो सूचना संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्न नसक्नु पनि उनको कमजोरी रहेको देखिन्छ ।

प्र.ना.म.नि. अधिकारी भदौ २३ गते काठमाडौँ जिल्लाको नेतृत्व तहमा थिए । भदौ २३ गते बल प्रयोगको सम्बन्धमा Peter-१ (तत्कालीन प्रहरी महानिरीक्षक) को हवाला दिँदै कर्फ्यु लागिसकेको अवस्थामा फेरि आदेश मागिरहनु नपर्ने भएकोले सङ्घीय संसद् भवन अगाडिको स्थिति नियन्त्रण गर्न बल प्रयोग गर्ने Metro Chief को आदेश रहेको विभिन्न प्रहरी अधिकृतहरूको बयानबाट खुल्न आएको छ । भदौ २३ गते सङ्घीय संसद् भवन परिसर वरपर दिउँसोको करिब १२:०० बजेदेखि प्रदर्शनकारी र सुरक्षाकर्मीहरूबिच झडप भई करिब चार घण्टासम्म गोली चली हताहतको सङ्ख्या अत्यधिक हुँदा सिजफायर गरी वार्तासहित त्यसलाई रोक्न (Damage Control) आवश्यक भूमिका खेलेको देखिएन ।

भदौ २३ गते सङ्घीय संसद् भवन परिसर वरपर हवाईफायर मात्र गरिएको भन्ने निज प्र.ना.म.नि अधिकारीको जिकिर यथार्थपरक देखिँदैन । त्यसदिन सङ्घीय संसद् भवनभित्र बाहिर रहेका प्रहरीहरूलाई प्रभावकारी ढङ्गले परिचालन गर्न नसकेको स्पष्ट देखिन्छ ।

भदौ २४ गते मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न तथा आपराधिक क्रियाकलाप निरुत्साहित गर्न प्रयोग गरिने प्रहरीका हातहतियार प्रदर्शनकारीहरूले लुटी प्रहरीको नियन्त्रणबाट बाहिरिएको थियो । समयमै परिस्थितिको मूल्याङ्कन गरी काठमाडौँ उपत्यका प्रहरी कार्यालय र मातहत प्रहरी कार्यालयहरूमा रहेका हातहतियार, गोलीगट्ठा, सवारी साधन, सञ्चार सेट र असवावहरू सुरक्षित राख्न समयमा नै प्रयास गरेको देखिएन ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका निमित्त कार्यालय प्रमुख भई कार्यरत रहेका प्रहरी नायब महानिरीक्षकजस्तो जिम्मेवारीपूर्ण पद सम्हालेको अधिकारीले ROE को व्यवस्था लागू गर्न आवश्यक पहल नगरेको कारणबाट फिल्डमा खटिने प्रहरी कर्मचारीहरूमा व्यवसायिकताको कमी देखियो । यसकारण, भदौ २३ गतेको घटनामा जथाभावी बल प्रयोग भइ हताहतको सङ्ख्या बढेको देखिन्छ ।

**रेबिज...**

घटना कुकुरको टोकाइबाट हुने र रेबिजका ९९ प्रतिशत कारण कुकुरको टोकाइ रहेको उल्लेख छ ।

रणनीतिअनुसार रेबिज नियन्त्रणका लागि निगरानी तथा प्रयोगशाला परीक्षण सुदृढीकरण, कुकुरमा सामूहिक खोप अभियान, कुकुरको सङ्ख्या व्यवस्थापन, कुकुरको टोकाइ तथा चिथोराइको एकीकृत व्यवस्थापन, मानिसमा रेबिजविरूद्धको खोप तथा इम्युनोग्लोबुलिनको पहुँच विस्तारलगायतका कार्यक्रम सञ्चालन गरिनेछ । साथै क्षमता विकास, जोखिम सञ्चार, सामुदायिक सहभागिता र अनुसन्धानलाई समेत प्राथमिकता दिइएको छ ।

रणनीतिले कुकुरमा ७० प्रतिशत खोप कभरेज पुऱ्याउने, मानिसमा सहज खोप पहुँच सुनिश्चित गर्ने तथा प्रयोगशाला र रोग निगरानी प्रणाली सुदृढ गर्ने लक्ष्य अघि सारेको छ ।

रणनीति कार्यान्वयनका लागि सङ्घीय तथा प्रादेशिक संरचनाका साथै जिल्ला र स्थानीय स्तरमा परिकल्पना गरिएका समितिमार्फत सम्बन्धित निकायले वार्षिक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ । कार्यान्वयनबाट रेबिजको निगरानी सुदृढ हुने, जोखिममा रहेका कुकुरमा खोपको पहुँच बढ्ने र कुकुरको टोकाइ व्यवस्थापनलाई एकीकृत बनाउने अपेक्षा गरिएको छ ।

रेबिजविरूद्धको रोकथाममूलक तथा उपचार सेवाको पहुँच र उपलब्धता सुधार गर्ने तथा सरकार, स्थानीय समुदाय, नागरिक समाज, निजी क्षेत्र र अन्तर्राष्ट्रिय साझेदारबिच समन्वय बढाउने लक्ष्य रणनीतिले राखेको छ ।

**दैलेखको...**

विस्तारवादविरूद्ध सङ्घर्ष आवश्यक छ भन्नुभयो ।

नेमकिपा दैलेखका जिल्ला अध्यक्ष खगेन्द्रबहादुर शाहीको सभापतित्वमा सम्पन्न प्रशिक्षण कार्यक्रममा समूह छलफलपछि चामुन्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाही र आठबीस नगर समिति सचिव नवीन सिजापतिले आ-आफ्नो क्षेत्रमा सङ्गठन विस्तारको कार्ययोजना प्रस्तुत गर्नुभयो ।

**दसैंको...**

चाडपर्वमा रामाइलो गर्नुपर्छ; रसरङ्ग गर्नुपर्छ भनेर अनावश्यक भड्किलो गर्ने र खर्चिलो बनाउने काम नगर्दा उचित हुन्छ । मितव्यियिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गर्नुपर्छ । सामान खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्छ । मोजमजा गर्ने, रमाउने, खाने यही मौका हो भनेर हरेक दिन मासु खाँदा चिल्लो र प्रोटिन बढ्न सक्छ । दिमाग फेस गर्नुपर्छ, दुःख बिर्सनुपर्छ भनेर अत्यधिक जाँड रक्सी सेवन गर्ने काम रोक्नुपर्छ ।

दसैंमा मनोरञ्जन गर्नुपर्छ; साथी भाइ खेल्नुपर्छ भनेर जुवा तास खेल्ने युवाहरूको सङ्ख्या पनि कम छैन । जुवा तास खेलेरै वर्षदिनको आम्दानी सकाउने युवाहरूकै कारण घरमा झगडा भएको, परिवारका सदस्याहरूबिच सम्बन्ध विच्छेद भएको घटना पनि बेलाबखत सुनिएको छ । जुवा तास खेलिरहेकै ठाउँमा प्रहरी पुगेर पक्राउ परेको र भएभरको पैसा प्रहरीले जफत गरेको घटना पनि विगतमा भएको थियो । चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धा होइन आत्मीयता र सद्भावमा बाँड्नुपर्छ ।

दसैंमा रचनात्मक काममा समय बिताउनुपर्छ । सफाइ अभियान, पुस्तकबारे अन्तरक्रिया, देश विदेशको विषयमा छलफल गरेर आफ्नो व्यक्तित्व विकास गर्ने, सांस्कृतिक स्तर उठाउने, जनताको समस्या बुझ्ने र साथ दिने काममा समाजसेवी, राजनीतिक कार्यकर्ता, युवाहरू सक्रिय हुनुपर्छ । युवाहरू रचनात्मक कार्यमा जनचासोका साथ अघि बढ्नु राम्रो हो । तर, उनीहरूको विचार खोटो भयो भने जनताले दुःख पाउँछन् । युवाहरू गलत बाटोमा लागे समाज नै पछि पर्छ । यसकारण, युवाहरू सिद्धान्त र विचारको आधारमा सक्रिय हुनुपर्छ । सिद्धान्त र विचार पन्छाएर युवाहरू जोशिला, जाँगरिला हुन्छन् भनेर अन्ध समर्थन गर्दै हिँड्नु राम्रो होइन । कति पढे लेखेकाहरू पनि कुनै दलले बहुमत पाएको आधारमा त्यो दल नै ठीक छ भनी लागेका छन् । कुनै दल बहुमत प्राप्त गरेर सरकारको नेतृत्व गर्दैमा त्यो दल सही हुने र हारेको दल गलत हुने भाष्य कसैले तय गर्नु हुँदैन । दलले प्राप्त गर्ने मत समयअनुसार थपघट हुन सक्छ; भइरहेको छ । मतको आधारमा त्यही दल कहिले सही र कहिले गलत हुन सक्दैन । कुन दलले कुन वर्गका जनताको प्रतिनिधित्व गरेर राजनीति गरेको छ, त्यसमा भरपर्छ ।

युवा, विद्यार्थीहरू दलको सिद्धान्त र विचार राम्रोसँग बुझेर मात्र लाग्नुपर्छ । कसैको लहैलहैमा आँखा चिम्लेर राजनीतिमा हामफाल्नु उचित होइन । दलको नेतृत्व युवाले भन्दा विचारले गर्ने हो । युवाहरूले देश बुझ्नुपर्छ; उनीहरू बाटो देखाउने अगुवा हुनुपर्छ; विकृति, विसङ्गति हटाउन अग्रसर हुनुपर्छ; समाज सेवामा लाग्ने र कुनै पनि सङ्कटको बेला अघि सर्नुपर्छ । कुनै देशमाथि हुने आक्रमण, हस्तक्षेप, दबाबको विरोधमा उत्रनुपर्छ । यो चाडलाई यसरी एकले अर्कोलाई सिकाउने, सिक्ने अवसरको रूपमा उपयोग गर्नुपर्छ ।

दसैं परिवारका सदस्यहरूबिच भेटघाट हुने; साथीभाइबिच शुभकामना आदान-प्रदान गर्ने पर्व पनि हो । आफ्नो संस्कृति मान्ने, बचाउने र नयाँ पुस्तामाझ अवगत गराउने समय पनि हो दसैं । यो दसैंमा आ-आफ्नो स्थानमा विभिन्न मेला र उत्सव हुन्छ । दसैंमा हुने उत्सव र मेलालाई विज्ञान सम्मत ढङ्गले मनाउनुपर्छ । देखासिकी गर्ने, उत्पात मच्चाउने, झैझगडा गरेर शान्ति बिथोल्ने, अनुशासन भङ्ग गर्दै उपद्रो गर्ने काम गर्नु हुँदैन । आतङ्क फैलाएर, दङ्गा मच्चाएर संस्कृतिले जीवन्तता पाउँदैन । दसैं कसैको दशा नहोस् । दसैंमा सबैको शुभ होस् आफूले गरेको रचनात्मक काममा सफलता मिलोस् ।


## हार्दिक समवेदना



जन्म : १९९२/१२/२३
निधन: २०८३/०६/१३

नेपाल क्रान्तिकारी किसान सङ्घ, चोर्चा एकाइ समितिका अध्यक्ष रामचन्द्र दुमरुका पूजनीय पिता **रत्नलाल दुमरू**को दुःखद निधनप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**नेपाल क्रान्तिकारी किसान सङ्घ**
चोर्चा एकाइ समिति

## हार्दिक समवेदना



जन्म : १९९२/१२/२३
निधन: २०८३/०६/१३

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ७ चोर्चा टोल बस्ने यस संस्थाका सदस्यता नं. १६२६ का सदस्य **रत्नलाल दुमरू**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



जन्म : २०२२/०६/१५
निधन: २०८३/०५/०७

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ३ वासिकमल्ला टोल बस्ने यस संस्थाका सदस्यता नं. ३१८५ का सदस्य **आनन्दबहादुर मानन्धर**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



जन्म : २०२३/०७/०३
निधन: २०८३/०५/२७

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ७ गोल्मढी टोल बस्ने यस संस्थाका सदस्यता नं. ६०७९ का सदस्य **गणेशकुमार गोसाई**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा